# अध्यायः एक

# परिचय

## १.१ अध्ययनको परिचयः

शहरीकरण भन्नाले सामान्यता मानवीय सेवा, सुविधा तथा विकास निर्माणका पुर्वाधारको व्यवस्था भएको स्थानलाई बुझिन्छ । जहा शैक्षिक, स्वास्थ्य सुविधा, रोजगारी आदीका बढि अवसरका कारण धेरै मानिस बसोबास गर्दछन । उक्त सेवा, सुविधा तथा अवसरहरुको उपलब्धताले मानिसहरुलाई ग्रामिण क्षेत्र वा अन्यन्त्रबाट शहरतर्फ आकर्षण गर्दछ र शहरले क्रमिक रुपमा आफ्नो स्वरुप परिवर्तन गरी फैलावट बढाउने गर्दछ । यस्तो स्थिति नै वास्तवमा शहरीकरण हो ।उद्योग र व्यापारको अवसरको खोजी, शिक्षा एवं स्वास्थ्यको पहुँच, रोजगारीको अवसर तथा सम्भाव्यता ,यातायात र संचारको सुविधाअन्य क्षेत्रसँगको linkageआदी कारणले मानिसहरु बसाइसराइ गर्ने गरेको पाइन्छ। बसाइँ सराइ भन्नाले सामान्य अर्थमा कुनै पनि मानव वा मानव समुदाय कुनै एक स्थान वा क्षेत्रबाट अर्को स्थान वा क्षेत्रमा बसाइसराइ सर्ने प्रक्रियालाई नै बसाइसराइ भनिन्छ । बसाइसराइ कुनै व्यक्ति वा परिवार आफू परम्परागत रुपमा बसोबास गरिरहेको स्थानबाट अर्को स्थानमा सर्ने कार्य हो विश्वव्यापीकरण को सन्दर्भमा सामान्य रुपमा लिइने बसाइसराइ प्रक्रियालाई मानिसको प्रवृत्तिको रुपमा लिने गरिन्छ ।

जनसाङ्ख्यिक दृष्टिकोणले भन्नुपर्दा एक निश्चित समयावधि भित्र एक भौगोलिक एकाइबाट अर्को भौगोलिक एकाइमा बासस्थानको परिवर्तनमा सरीक भएका मानिसहरुको भौगोलिक चाललाई बसाइसराइ भनिन्छ । जनसङ्ख्या परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने एक तत्व मध्ये वसाइसराइ एक हो । यस तत्वले कुनै एक स्थानको जनसंख्या घटाउँछ भने अर्को कुनै एक स्थानको जनसंख्या बढाउँछ । बसाइसराइ अप्राकृतिक जनसाङख्यिक तत्व हो । बसाइसराइ हुन बासस्थानको परिवर्तन अल्पकालिन नभई दिर्घकालिन हुनुपर्दछ । बसाइसराइ भन्नाले मानिसहरूले आफ्नो बासस्थान एक ठाउँबाट अर्को ठाउँमा परिवर्तन गर्ने प्रक्रिया भन्ने बुझिन्छ । बसाइँ सराइलाई परिभााषित गर्दा कुनै एक व्यक्ति वा समूहले स्थायी वा अस्थायी रूपमा आफ्नो बासस्थान परिवर्तन गर्नु भन्ने बुझिन्छ । मानिसमा विद्यमान बहुआयामिक इच्छा आकाङक्षाले गर्दा सभ्यताको सुरु हुनु भन्दा पूर्व नै मानिसले संसारको एकठाउँबाट अर्को ठाउँमा जाने क्रम सुरु गरिसकेका थिए । अहिले एक ठाउँबाट अर्को ठाउँमा जाने क्रम राष्ट्रिय परिधि नाघेर विश्वव्यापि समस्याको रूपमा खडा भएको छ । विगतका केही वर्ष यतादेखि नेपालमा आन्तरिक बसाइँ सराइ बढ्दो रुपले उल्लेखनिय

ढङ्गबाट बढिरहेको पाइन्छ । यसले कालान्तरमा पनि निरन्तरता दिइनै रहने विश्वास गर्न सकिन्छ । आप्रवासनले सामाजिकमानिसहरुको संगठन र समूदाय बीचको सम्बन्धलाई जनाउँछ । यसर्थसामान्य अर्थमा कुनै पनि मानव वा मानव समुदाय कुनै एक स्थान वा क्षेत्रबाट अर्को स्थान वा क्षेत्रमा बसाइसराइ सर्ने प्रक्रियालाई नै बसाइसराइ भनिन्छ । बसाइसराइ कुनै व्यक्ति वा परिवार आफू परम्परागत रुपमा बसोबास गरिरहेको स्थानबाट अर्को स्थानमा सर्ने कार्य हो विश्वव्यापीकरण को सन्दर्भमा सामान्य रुपमा लिइने बसाइसराइ प्रक्रियालाई मानिसको प्रवृत्ति रुपमा लिने गरिन्छ ।सभ्यताको विकास जस्तै बसाइँ सराइलाई पनि पुरानो गतिविधिको रूपमा लिइन्छ । मानिसको इतिहास जत्तिकै बसाइँ सराइको इतिहास पनि पुरानो छ । विगतमा धेरै मानिसहरू एक स्थानबाट अर्को स्थानमा जाने कारणलाई विपत्तिको रूपमा लिइन्थ्यो । सामाजिक, आर्थिक, धार्मिक समस्या, जनसङ्ख्याको अति वृद्धि र यस्तै अन्य कारणले एक ठाउँमा जाने क्रम पहिले देखि नै भइरहेको घटना हो । प्राय जसो मानिसहरू आफनो गरिविपन हटाएर सम्पन्न जीवन यापन गर्नको लागि नै एक गाउँबाट अर्को गाउँमा, उद्गम स्थलबाट शहर र सानो शहरबाट ठूलो शहरमा जाने गर्दछन् । बसाइँ सराइको अध्ययन, मानिसको सामाजिक र आर्थिक पक्षको लागि एक महत्वपूर्ण अध्ययन हो । विकसित देशहरूमा भएको प्रचुर मात्राको सम्पन्नताले गर्दा विकासशील र अविकसित देशका बासिन्दाहरू त्यस देशमा गएर बसोबास गरेर आफ्नो जीवन स्तर उकास्नको लागि उन्मूख भइरहेका छन्। कतिपय देशले आप्रवासीको चापलाई धान्न नसक्ने भएकाले आप्रवासीको बहाव रोक्नको लागि आप्रवासी सम्बन्धि निति नियम लागु गरेका छन् ।

सुन्दर भविष्यको परिकल्पना गरी मानिसहरू एउटा गाउँबाट अर्को गाउँमा, एउटा सहरबाट अर्को सहरमा अथवा एउटा देशबाट अर्को देशमा गएर बसोबास गर्ने गर्दछन् । यसरी मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा बसोबास गर्नको लागि सर्ने प्रक्रियालाई बसाइँ सराइ भनेर भनिन्छ । बसाइँ सराइलाई आप्रवास पनि भन्ने गरिन्छ । यसरी बसाइसराइ गर्ने मानिसलाई आप्रवासी भनिन्छ ।

बसाइसराइ गर्ने प्रक्रिया नेपालमा नयाँ नभएर पुरानो नै हो ।नेपाल जस्तो विकासोन्मुख देशको अगाडि बसाइँ सराइ एक ठुलो समस्याको रूपमा देखा परेको छ । देश विकासको कार्यमा बसाइँ सराइले चुनौती दिइरहेको छ । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असमान्य तबरबाट व्यक्तिहरूले बसाइँ सराइ गरेर बसोबास गर्न थालेको कारणले पनि केही हदसम्म वातावरण बिगार्न मद्दत गरेको छ । बसाइँ सराइले मौलिक र गन्तव्य दुबै ठाउँको सामाजिक र आर्थिक

अवस्थालाई असर गर्दछ । किनकी आर्थिक, सामाजिक धार्मिक र राजनीतिक मूल्य र मान्यता द्वारा साधारणतया मानवले सजिलो र सुविधा युक्त जीवनयापन गर्न चाहन्छन् । भौगोलिक भिन्नता, सामाजिक तथा आर्थिक अवस्था र सांस्कृतिक अभ्यासले गर्दा नेपालमा आन्तरिक बसाइँ सराइलाई निकै महत्व दिएको छ । साधारणतया मानिसहरू हिमालबाट पहाड, पहाडबाट तराई, गाउँबाट अर्को गाउँ, उद्गम स्थलबाट सहर र सानो सहरबाट ठुलो सहरमा निरन्तर रूपमा चलायमान भइरहेका छन् । फलस्वरूप तराई क्षेत्रमा बसाइँ सराइको चाप अत्याधिक मात्रामा भइरहेको छ । पहाडी क्षेत्रले पनि केही हदसम्म बसाइँ सराइको चापको समस्यालाई भोग्नु परेको छ । बसाइँ सराइ सम्बन्धी सरकारसँग स्पष्ट नीति नभएको हुनाले असन्तुलीत रूपमा मानिसहरूले बसाइँ सराइ गरिरहेका छन् । जसको फलस्वरूप बसाइँ सराइबाट समाजमा विभन्नि खालको समस्या सृजना भइरहेको छ । नेपालमा अझसम्म रीतपूर्वक औद्योगिकरण र शहरीकरणको विकास भएको छैन । त्यसैले गर्दा उदगम स्थल बाट गाउँ, गाउँबाट शहर र शहरबाट शहरमा आन्तरिक बसाइँ सराइले निरन्तरता पाइराखेको छ । यसरी बसाइँ सराइले मावन जीवनको विभिन्न पक्षलाई असर पारेको हुन्छ ।

पृथ्वीनारायण शाहले सन् १७६८ (वि.स १८२५) मा काठमाडौं उपत्यकामा विजय प्राप्त गरेपछि र देशका अन्य स-साना चौविसे राज्य तथा प्रदेशलाई आफ्नो हातमा लिएपछि एकिकरणको साथसाथै नेपालको आन्तरिक बसाइँ-सराइको कार्य तिब्र हुँदै गयो । स-साना राज्य रजौटा हुँदा एक राज्यको मानिस अर्को राज्यमा प्रवेश गर्न डराउनु पर्दथ्यो । तर एकिकरण प्रश्चात चाहिँ यो डर हराएर गएकोले मानिसहरू एक स्थानबाट अर्को स्थानमा सजिलै निर्धक्क साथ बसाइँ सराइ गर्न थालको पाइन्छ । त्यस समयमा पश्चिमबाट पूर्व तर्फ बसाइँ सराइ सर्ने मानिसहरूको सङ्ख्या धेरै थियो । रोजगार एवं जागिर (नोकरी) को क्रम र प्रशासनको प्रयोजनबाट पनि बसाइँ सराइ क्रम बढेर गयो । जागिरेलाई जागिरको रूपमा कुनै स्थानको जमिन दिन र जमिन बिर्ताको रूपमा दिने कार्यले पनि बसाइँ सराइलाई तिब्र तुल्यायो । बसाइँ सराइ प्रक्रिया मानव समाजको परापूर्व कालदेखि नै हुँदै आएको पाइन्छ । मानव जाति आफूलाई आवश्यक पर्ने वस्तुहरू प्राप्त गर्नको लागि उक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्नु स्वभाविक हो । स्रोत र साधनको खोजीमा विभिन्न देशहरूमा र देशका विभिन्न प्रदेश हरूमा मानव समुदाय घुम्ने गर्दछन् । (बसाइँ सराइ कार्यसमूह - २०४०) ।

बसाइँ सराइको प्रक्रिया अत्यन्त जटिल छ । यसले केवल एक क्षेत्रको जनसङ्ख्याको आकारमा र वृद्धिमा मात्रै असर नगरेर जनसङ्ख्या को संरचना र वितरणमा नै असामान्य स्थिति उत्पन्न गर्दछ । बसाइँ सराइको मापन गर्न अत्यन्त कठिन मानिन्छ । किनभने यसको क्षेत्र व्यापक छ । यसले सामाजिक, आर्थिक क्षेत्रमा जटिल समस्या ल्याएँछ र मनोवैज्ञानिक,

सामाजिक, आर्थिक, राजनैतिक, संस्थागत र अनय निर्धारक तत्वहरू यसको जटिल संरचनामा समावेश छन् । नेपालका ऐतिहासिक कालमा हिमाली क्षेत्रका मंगोलियनहरू पूर्वबाट उत्तर हुँदै युरोपियन समूहको अनुसरण गर्दै पश्चिमी मध्य पहाडी भागमा बसाइँ सर्दै प्रवेश गरेको पाइन्छ (न्यू एरा, १९८१ : १) ।

बसाइँ सराइले देशमा सामाीजक, आर्थिक, जनसाख्यिक र राजनैतिक समस्या उत्पन्न गर्दछ । भौगोलिक वितरणले पनि जनसङ्ख्याको धेरै छिटो परिवर्तन गर्दछ । पहिला बसाइँ सराइको प्रक्रिया पश्चिम देखि पूर्वमा हुन्थ्यो । तर केही वर्ष पछि धेरै उत्तर देखि दक्षिणतिर बसाइँ सरेको पाइन्छ । जस्तो पहाडदेखि तराइ, समतल भू -भागमा जहाँ श्रोत, साधन र जनशक्ति बिच समानता पाइन्छ (तिमिल्सिना र के.सी., १९९३) ।

बसाइँ सर्नमा विकर्षण र आकर्षण कारक तत्वले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विकर्षण हुनाका कारणहरू जनसङ्ख्याको चाप, खाद्यन्नको कमी, न्यून रोजगारीका अवसर, आर्थिक दरिद्रता, विकासको कमी, दैवी प्रकोप आदि हुन् भने आकर्षण तत्वहरू खेती योग्य जमिनको उपलब्धी, खाद्यन्न समान्नता, उद्योग तथा व्यापारको अवसर, विकास लगानी स्वास्थ्य सुविधा, सापेक्षिक राजनैतिक स्थिरता, शिक्षाको उत्तम अवसरहरू आदि हुन् (रा.ज.आ., २०४०) ।

बसाइँ सराइ एक प्रक्रिया हो । यसले समाजको सामाजिक, आर्थिक संरचनालाई परिवतर्नन गर्न मद्दत गर्दछ । यसको सार्थ यसले जनसङ्ख्याको क्षेत्रीय वितरणमा पनि असर गर्दछ । बसाइँ सराइ एक आपसमा भएको शीपको उत्पादन गर्न सक्ने क्षमताको र अनुभवको उक आपसमा आदान प्रदान गरेर, व्यक्तिको व्यक्तित्व विकास गर्न धेरै मद्दत पुऱ्याउँदछ । बसाइँ सराइबाट परिवारको आकार र परिमाणमा प्रभाव पार्दछ । र जनसङ्ख्याको उमेर र लिङ्गको संरचनालाई पनि प्रभावित गर्दछ । वास्तवमा यो समाजको विभिन्न क्षेत्रहरूको बिचमा हुने आथृिक र व्यसायको गति हो । वि.सं. १८१६ को सुनौलो सन्धि पछि बसाइँ सराइमा अर्को प्रवृत्ति देखा पर्न थाल्यो । ब्रिटिस सरकारले इष्ट इन्डिया कम्पनीको तीन वटा रेजिमेन्टमा गोर्खाली सेना भर्ना गर्न सुरु गरे । सुगौली सन्धि पश्चात उल्लेखनिय रूपमा नेपालीहरू भारतको विभिन्न ठाउँहरूमा बसाइँ सराइ गरेर गए । वि.सं. १९५० पछि पनि निकै नै नेपालीहरूले भुटान भारतको दार्जिलिङ्ग, सिक्किम, आसाममा गएर बसोबास गर्न थाले । त्यस ठाउँमा जमिन सजिलैसँग उपलब्ध हुने भएकाले धेरै धेरै नेपालीहरूले त्यस ठाउँमा गएर बसोबास गर्न थालेका हुन् । विगतमा राणा प्रशासनले (१८४६-१९५०) नेपालका पहाडका बासिन्दा र भारतका बासिन्दालाई तराईमा बसोबास गराउने नीति लिएको थियो । यसको मूख्य उद्देश्य भारतको सीमाना नजिकैको क्षेत्रमा बसोबास गराउनु थियो । तर यसको कार्यान्वयन पक्ष राम्रोसँग सञ्चालन नभएकोले मानिसहरू बिस्तारै पूर्वतिरको

उदयपु, सिन्धुली र पश्चिमतिरको दाङ्ग देउखुरी जस्तो भित्री मधेशमा गएर बसोबास गर्न थाले । चितवनमा औलो उन्मूलन भएपछि १९५० को दशकतिर त्यहाँ सरकारले पूनर्वासको योजना सुरु भयो । यसरी नेपालमा बसाइँ सराइको नयाँ अध्ययनको सुरुवात भयो । औलो उन्मूलन पछि ठूलो मात्रामा नेपालको हिमालर पहाडबाट मानिसहरू दक्षिणतिर जानेक्रम सुरु हुन थाल्यो । उपत्यका उपत्यका विकास बोर्ड र नेपाल औलो उन्मूलनसंघ राप्तीले सफलतापूर्वक औलो उन्मूलन गरेपछि चितवनमा बसाइँ सराइको चाप अलि कम भयो । चिनले तिब्बतलाई आफ्नो अधिनमा लिएपछि उल्लेखनीय रूपमा तिब्बतीहरूले शरणार्थीको रूपमा नेपाल प्रवेश गरे । नेपाल सरकारले तिनीहरूलाई शरणार्थी शिवि र स्थापना गरेर काठमाडौं र पोखरा उपत्यकामा बसोबास गर्न स्वीकृत प्रदान गऱ्यो । हाल आएर नेपालले भुटानी शरणार्थी समस्या भोग्नु परेको छ । यिनीहरू नेपालको पूर्व भागमा बसोबास गर्दछन् । यिनीहरूले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिकको साथै अन्य पक्षहरूलाई असर गरेको छ (रेग्मी, १९७१) ।

नेपालको जनगणनालाई आधार बनाएर धेरै सङ्ख्यामा आन्तरिक बसाइँ सराइ सम्बन्धित अध्ययन भएका छन् । राणा र थापा १९७१, गुभाजु, १९८०, नेपाल जनसङख्या आयोग, केन्द्रिय तथ्याङ्क विभाग, गुरुङ (१९८९) । यी अध्ययनहरू खाली बसाइँ सराइको परिमाण र बाहवलाई ध्यानमा राखेर गरिएको अध्ययन थियो । स्पष्टसँग तर्जुमा गरेको डाटाको अभावले गर्दा यी अध्ययनहरूले समय समयमा भैरहेका बसाइँ सराइको लक्षणलाई विस्तार पूर्वक विश्लेषण गर्न सकेको छैन । बसाइँ सराइमा भएको अधिकांश अध्ययनले साहित्य पूनरावलोकनलाई ध्यानमा दिएर अध्ययन गरेका छन् ।मानिसको सामाजिक र आर्थिक पक्षको लागि एक महत्वपूर्ण अध्ययन हो । विकसित देशहरूमा भएको प्रचुर मात्राको सम्पन्नताले गर्दा विकासशील र अविकसित देशका बासिन्दाहरू त्यस देशमा गएर बसोबास गरेर आफ्नो जीवन स्तर उकास्नको लागि उन्मूख भइरहेका छन्। कतिपय देशले आप्रवासीको चापलाई धान्न नसक्ने भएकाले आप्रवासीको बहाव रोक्नको लागि आप्रवासी सम्बन्धित नियममा सुधार गर्न थालेका छन् ।

असामान्य तबरबाट व्यक्तिहरूले बसाइँ सराइ गरेर बसोबास गर्न थालेको कारणले पनि केही हदसम्म वातावरण बिगार्न मद्दत गरेको छ । बसाइँ सराइले मौलिक र गन्तव्य दुबै ठाउँको सामाजिक र आर्थिक अवस्थालाई असर गर्दछ । किनकी आर्थिक, सामाजिक धार्मिक र राजनीतिक मूल्य र मान्यता द्वारा साधारणतया मानवले सजिलो र सुविधा युक्त जीवनयापन गर्न चाहन्छन ।भौगोलिक भिन्नता, सामाजिक तथा आर्थिक अवस्था र

सांस्कृतिक अभ्यासले गर्दा नेपालमा आन्तरिक बसाइँ सराइलाई निकै महत्व दिएको छ । साधारणतया मानिसहरू हिमालबाट पहाड,पहाडबाट तराई, गाउँबाट अर्को गाउँ, उद्गम स्थलबाट सहर र सानो सहरबाट ठुलो सहरमा निरन्तर रूपमा चलायमान भइरहेका छन् । फलस्वरूप तराई क्षेत्रमा बसाइँ सराइको चाप अत्याधिक मात्रामा भइरहेको छ । पहाडी क्षेत्रले पनि केही हदसम्म बसाइँ सराइको चापको समस्यालाई भोग्नु परेको छ । बसाइँ सराइ सम्बन्धी सरकारसँग स्पष्ट नीति नभएको हुनाले असन्तुलीत रूपमा मानिसहरूले बसाइँ सराइ गरिरहेका छन् । जसको फलस्वरूप बसाइँ सराइबाट समाजमा विभन्नि खालको समस्या सृजना भइरहेको छ । नेपालमा अझसम्म रीतपूर्वक औद्योगिकरण र सहरीकरणको विकास भएको छैन । त्यसैले गर्दा उदगम स्थल बाट गाउँ, गाउँबाट शहर र शहरबाट शहरमा आन्तरिक बसाइँ सराइले निरन्रता पाइराखेको छ । यसरी बसाइँ सराइले मावन जीवनको विभिन्न पक्षलाई असर पारेको हुन्छ । शहरी बसाइसराईलाई प्रभाव पार्ने मुख्य सामाजिक तत्व भनेको आकर्षण र विकर्षणका गर्ने तत्व हुन उद्गमस्थलमा भएका अभावहरुलाई विकर्षण गर्ने तत्व भनिन्छ भने बसाइ सरी जाने ठाउँमा भएका सुविधाहरुलाई विकर्षण तत्व भनिन्छ ।

बसाईसराईलाई प्रभाव पार्ने पक्षमा , आर्थिक पक्ष, राजनैतिक पक्ष , सामाजिक पक्ष, धार्मिक र सास्कृतिक पक्ष आदी छन् । शहरीकरण बसाइसराइलाई प्रभाव पार्ने सामाजिक तत्वहरुमा सामाजिक मूल्य मान्यता, अर्थतन्त्र, भौतिक/अभौतिक पुर्वाधार निर्माण, सामाजिक निति नियम, सामाजिक सम्बन्ध , समुदाय/समाज सामाजिक परिचालन, सामाजिक सुरक्षा, भौगोलिकता, जनसंख्या र वातावरिणय पक्ष आदीलाई शहरी बसाइसराईमा प्रभाव पार्ने सामाजिक तत्व मानिन्छ जसले समाजकोस्तरीकरणलाई कायम राख्न मद्धत मिल्छ ।समाज समय र परिस्थिति अनुसार परवर्तन भइरहन्छ बसाइसराइको कारण कैयौँ नेपालीहरूले आफ्ना बालबच्चा देखि घर परिवारको शिक्षा स्वास्थ्य गास, बास, कपासको आधारभूत आवश्यकताहरू पुरा गर्ने उद्धेश्यले बसाइसराइ गरेको पाइन्छ ।

पोखरा महानगरपालिका वडा नं. १५ शिवशक्ति टोलमा कुन कुन स्थानबाट आप्रवासी आएका हुन र आप्रवासलाई कुन तत्वले प्रभाव पारेको छ सो को पहिचानको लागी सूक्ष्म तरिकाबाट अध्ययन कार्यलाई अघि बढाइएको छ ।

## १.२ समस्याको कथन

हामी बसाइँ सराइ सम्बन्धी जब कुरा गर्दछौं तब हामीले व्यक्तिहरूको एक क्षेत्रबाट अर्को क्षेत्र वा एक ठाउँबाट अर्को ठाउँमा जाने क्रिया भनेर बुझ्दछौं । बसाइँ सराइ भन्दा जनसङ्ख्याको पून: वितरण भन्ने जनाउँछ । त्यसैले यसले व्यक्तिहरूको गतिशिल क्रिया भन्ने पनि जनाउँछ । जन्म र मत्यु जनसङ्ख्याको गतिशिलताको कारक तत्व हुन । यसले जनसङ्ख्याको आकार परिवर्तन गर्न मद्दत पुऱ्याउँछ । त्यस्तै गरेर बसाइँ सराइले पनि कुनै पनि क्षेत्रको जसङ्ख्याको आकार बदल्न मद्दत गर्दछ । यस कारण बसाइँ सराइलाई जन्म मृत्यु जस्तै एक गतिशिल घटनाको रूपमा लिइन्छ । बसाइँ सराइ, जन्म र मृत्यु जस्तो जैविक घटना भने होइन । यो व्यक्तिहरूको इच्छा, परिवारको आवश्यकता र समाजको आवश्यकता माथि निर्भर गर्दछ । त्यसैले बसाइँ सराइ प्राकृतिक घटना नभई व्यक्तिहरूको विचारबाट घट्ने घटना हो ।

बसाइँ सराइले जनसङ्ख्याको वितरणमा असन्तुलन ल्याउँछ । जनसङ्ख्या वृद्धि भएपछि विद्यमान श्रोत साधनहरूले धान्न सक्दैन । जनसङ्ख्या वृद्धिले त्यस क्षेत्रमा विद्यमान विद्युत, टेलिफोन, खानेपानी जस्ता सुधिवाहरूबाट पर्याप्त रूपमा सेवा पुऱ्याउन सम्भव हुँदैन । मानिसहरूको मागलाई पुरा गर्न थप उपभोग्य सामानहरूको आवश्यकता पर्दछ । बसाइँ सराइले विभिन्न खालको समस्याहरूलाई सृजना गर्दछ । शान्ति सुरक्षाको क्षेत्रमा र देशको क्षेत्रीय विकासको सन्तुलन कायम राख्न सरकारले चुनौतीको सामना गर्नुपरेको छ । बसाइँ सराइबाट दिन परदिन समस्याहरू बढ्दै गइरहेको छ । स्रोत र साधनहरू सर्ने ठाउँमा पर्याप्त मात्रामा हुँदैन । राष्ट्रिय आय र स्रोत साधनलाई बराबर बाँडेर सरकारले लोक कल्याणकारी कार्य गर्न सक्दैन । यस्तो अवस्थाले समाजमा निकै नराम्रो असर पर्न सक्छ । यसलाई राम्ररी समाधान गर्न सकिएन भने यसले उग्र रूप लिएर राजनीतिक व्यवस्थालाई पनि असर पुऱ्याउन सक्दछ । बसाइँ सराइबाट उब्जेका समस्याहरू विचरणीय र चुनौतीपूर्ण हुन्छन् । एक जिम्मेवारपूर्ण सरकारले सबै क्षेत्रको जनसङख्या अनुकूल तहबाट व्यवस्थित् गरेर राख्न सक्नु पर्दछ । यो सरकारको जिम्मेवारी पूर्ण कार्य हो । बसाइँ सराइ पछि जनसख्याको वृद्धि हुन्छ र यसले अपर्याप्त मात्रामा रहेको श्रोत र साधनले बसाइँ सराइ गर्न आउने सबैको मागहरूलाई पुरा गर्न सक्दैन । बसाइँ सराइ भएपछि बसाइँ सराइ गरिएको ठाउँको जनसङ्ख्या वृद्धि हुन्छ र यसले अपर्याप्त मात्रामा रहेको श्रोत र साधनले बसाइँ सराइ गर्न आउने सबैको मागहरू पुरा गर्न सक्दैन । बसाइँ सराइले गन्तव्य स्थानमा मात्र

समस्या ल्याउने नभई मौलिक स्थानमा पनि समस्या पैदा गर्दछ । बसाइँ सराइ धेरै जसो युवावर्गले गर्दछन् । यसबाट एकातिर मौलिक क्षेत्रमा काम गर्ने मानिसहरूको कमि हुन्छ ।शहरी बसाइसराइलाई सामाजिक तत्वहरुले प्रभाव पार्दछ । बसाईसराईको इच्छा नै मानिसहरु प्रयाप्त मात्रामा सेवा सुविधा भोग गर्ने चाहनाले हो । जनु समाज समुदायमा विकास निर्माणका पुर्वाधार, सामाजिक सुरक्षा, विकासमा गतिशिलता र मान्य मुल्यता निति नियमहरु आदी विषयका पक्षहरु सवल र व्यवस्थित हुन्छन् त्यस दिशा तर्फ व्यक्तिहरुको कदम अघि बढेको पाइन्छ । पोखरा-१५, शिवशक्ति टोलमा नै आप्रवासीले आप्रवासन गर्नु र कहाँ -कहाँबाट आप्रवासी आएका छन् । कुन तत्वले आप्रवासनलाई प्रभाव पारेको छ पहिचान गर्नु साथै आप्रवासी र आप्रवासको विच समाजिक सम्बन्ध एवं सुविधाबारेमा विश्लेषण गर्ने उद्देश्यहरू राखि स्पष्ट पार्न कोशिश गरिएको छ ।
वर्तमान शहरी बसाइँ सराइलाई प्रभाव पार्ने सामाजिक तत्वको अध्ययनको लागी निम्न अनुसन्धनात्मक प्रश्नहरूले दिशा निर्देश गर्दछ, जुन निम्नानुसार छन् :

क)पोखरा-१५ शिवशक्ति टोलमा आएका आप्रवासीहरुको खोजी गर्न?

ख) आप्रवासलाई  प्रभाव पार्ने तत्वहरुको पहिचान गर्न ?

### १.३ अध्ययनको उद्देश्य

उद्देश्य निर्धारण कार्य भनेको सवभन्दा महत्वपूर्ण र संवेदनशिल पक्ष हो।त्यसकारण पनि कुनै पनि अध्ययनको निर्धारण गर्दा प्राप्त हुन सक्ने स्रोत र साधनलाईख्याल राखेर मात्र गर्नु पर्ने हुन्छ । यदि उद्देश्य गहन राखियो भने त्यस कार्यलाई पूर्णता दिनगाह्रो हुनसक्छ । त्यसकारण उद्देश्य सकेसम्म सामान्य खालको राखिनु पर्ने हुँदा सामान्य खालको उद्धेश्य राख्ने कोशिषगरिएको छ । उपयुक्त मानयतालाई ध्यानमा राखि आप्रवासी खोजी गर्न रआप्रवासलाई प्रभाव पार्ने सकरात्मक तथा नकरात्मक सामाजिक तत्वहरुको पहिचान बारेमा जानकारी लिई स्पष्ट पार्ने कोशिष गरिएको छ । जुनउद्देश्यलाई निम्न बुदागत रूपमा लेखिएको छ ।

१. आप्रवासीको खोजीगर्ने ।

२. आप्रवासनलाई प्रभाव पार्ने तत्वहरुको पहिचान गर्ने ।

### १.४ अध्ययनको औचित्य एवं महत्वः

जुनसुकै अध्ययन अनुसन्धान कार्य आफैमा उत्तिकै महत्वपूर्ण रहेको हुन्छ । प्रत्येक अध्ययनलेशैक्षिक, सामाजिक, आर्थिक, राजनितिक तथा धार्मिक कुनै न कुनै महत्व बोकेको हुन्छ । त्यसको कत्तिको महत्व छ तुलनात्मक रुपमा अध्ययन कार्य पश्चात थाहा हुन्छ । अझ कति महत्व बोकेको छ भन्ने विषयमा सबै त्यसको उद्देश्य र क्षेत्रले निर्धारण गर्ने कुरा हो । तर यो अध्ययन उद्देश्यको हिसावलेआर्थिक र सामाजिक अनुसन्धान भएतापनि यस भित्र सामान्य रूपले समाजको प्राय धेरैक्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । किनकी व्यक्तिको जीवनलाई समय अनुकुल परिमार्जनगर्दै लैजाने एउटा पक्ष भएको आर्थिक पक्ष हो। मानिसका आधारभूत आवश्यकताहरूपरिपूर्ति गर्न देखि लिएर समय अनुकुल आफूलाई पनि परिवर्तन र परिमार्जन गर्दै लैजानकोनिम्ति त्यस समाजमा रहेका सामाजिक तत्वहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन  तसर्थ यो अध्ययन समाजको एउटा दर्पण हो। यसर्थ यो अध्ययनको महत्वअत्यन्तै गहन र वृहत छ ।

आप्रवास र आप्रवासी सम्बन्धी अध्ययन विभिन्न दृष्टिकोणले वर्तमान समयमा निकै महत्वपूर्ण छ । यो विश्वव्यापी घटना हो । हरेक मुलुकमा ग्रामिण क्षेत्रबाट शहरतिर लाग्ने ओइरो लागेको देखिन्छ । यसो हुनुमा  विभिन्न प्रभाव पार्ने तत्वहरु रहेको पाइन्छ । शहर हर किसिमले सुविधायुक्त हुन्छ । शिक्षा, स्वास्थ्य र रोजगाका अवसरहरू तुलनात्मक रूपमा बढी हुन्छ । ग्रामिण क्षेत्रमा यातायातको असुविधा, गुणात्मक विद्यालयहरूको अभाव, औषधीपचारको असुविधा र अभाव, सरकारी सेवा र निजी कम्पनीहरूमा समेत काम पाइने सम्भावना नभएकोले मानिसहरुसहर प्रवेश गर्न पर्ने अवस्थाको सृजना भएको छ । त्यसैले कतिपय व्यक्ति रोजगारका लागि, कतिपय उच्च शिक्षाकालागि र कतिपय व्यक्ति औषधोपचारका लागि आप्रवासको लागी जाने गरेको पाइन्छ। अर्थात् विभिन्न व्यक्ति र घरपरिवार विभिन्न कारण र उद्देश्य लिएर आफनो जन्मथलो, आफ्नो उदगम स्थल् छोडेर शहरीय बस्तीहरूमा बसाइँ सराइ गर्दछन् । यस सन्दर्भमा, वर्तमान अध्ययनले नेपालमा पाइने उद्गम स्थलदेखि शहर तिर तथा सुविधायुक्त स्थानमा आप्रवासको लागी वा बसाइँ सराइको मुद्दालाई अगाडि सारेको देखिन्छ । किनभने नेपालमा पनि पहाडबाट तराईतिर उद्गम स्थल छोडेर मोटर बाटो नजिकका साना बजार क्षेत्र, सदरमुकाम र राजधानी काठमाडौं तिर बसोबास बसाल्न थालेको दृश्यकतैबाट छिप्ने सक्ने अवस्था छैन । उद्गम स्थल छोडी पोखरा महानगरपालिका १५ शिवशक्ति टोलमा वर्तमानमा आप्रवासी आप्रवासको

लागी आउनुभएका व्यक्तिहरुको सूक्ष्म तहको अध्ययनलाई लिएको छ । यसले उक्त बस्ती क्षेत्रमा देखिएको बसाइँ सराइको अवस्था, बसाइसराइ र मानव विकास , बसाइसराइ र समाज आदी बारेमा प्रकाश पार्नेछ । सो स्थानमा देखिएका आप्रवासीको खोजी, आप्रवासलाई प्रभाव पार्ने तत्वहरुकोपहिचान जस्ता पक्षहरुको अध्ययन गर्नु यस अध्ययनको उद्देश्य भएको अवस्थामा यसबाटआएका निष्कर्षहरू यस मुलुकका नीति निर्माण तह, प्रशासकहरू र भविष्यमा बसाइँसराइको क्रम बारे अनुसन्धान गर्न चाहने स्वदेशी र विदेशी समाजशास्त्री, मानवशास्त्री र अन्य अनुसन्धानकर्ताहरूलाई पनि यो ज्यादै उपयोगी सिद्ध हुने सन्दर्भमा निश्चित मानिएको छ ।

**अध्ययनको महत्व र औचित्य :**

- आप्रवासीको खोजी गर्न ।
- आप्रवासनलाई प्रभाव पार्ने तत्वहरुको पहिचान गर्न ।
- आप्रवासीको शसक्तिकरण एवं मुलप्रवाहिकरणको लागी ।
- सक्षम नागरिक र देशभक्तिको भावना उजागर गर्न आदी ।

**१.५ अध्ययनको सिमाहरु**

अध्ययन अनुसन्धान कार्य सञ्चालन गर्दा एकै चोटी समग्र क्षेत्रलाई समेटेर अध्ययनलाई अगाडी बढाउँदा त्यहाँको बास्तविकता थाहा पाउन कठिन हुन्छ । तसर्थ हरेक अध्ययन अनुसन्धानको आफ्नै सिमा र क्षेत्र हुन्छ ।

पोखरा महानगरपालिका वडा नं. १५ को कार्यालय फलेपाटनबाट दक्षिण पूर्व तर्फ शिवशक्ति टोल अवस्थित छ । उक्त टोलभेडीफारमसँग जोडिएको छ यस टोललाई क्रान्ती टोल भनेर पनि चिनिने रहेछ । वडा कार्यालयबाट दक्षिण पूर्व तर्फ करिब ३ कि.मि. दुरीमा रहेको छ । उक्त टोलको पूर्वी सिमाना शसस्त्र प्रहरी बलको मुख्य बाटोसँग जोडिएको छ । त्यस्तै दक्षिण सिमा पूर्णरुपमा खहरेसँग (भिर) जोडिएको छ ।उक्त टोलमारहेकाजम्मा २०५ घरधुरी मध्ये १०२ घरधुरी सङ्ख्यालाई समेटी घरधुरी सर्वेक्षण गरी तथ्यांकमास्रोत साधन, आर्थिक पक्ष आदिलाई मध्यनजर गर्दै निश्चित समय सिमामा रहेर यसै क्षेत्रमा यसै विषयमा मात्र अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको सङगठन

यस अध्ययन अन्तर्गत निम्न अनुसारको ढाँचा प्रस्ताव गरिएको छ । अध्याय एकमा परिचय अन्तर्गत अध्ययनको परिचय, समस्याको कथन, अध्ययनको उद्धेश्य, अध्ययनको औचित्य एवं महत्व, अध्ययनको सिमाहरु , अध्ययनको सङगठन जस्तो विषय सन्दर्भहरु व्यवस्थित गरिएको छ । अध्याय दुई अन्तर्गत साहित्यिक पुनरावलोकन गरिएको छ । जस अन्तर्गत सैद्धान्तिक समिक्षा, बसाइसराइको सिद्धान्त , बसाइसराइको प्रकार सो अन्तर्गत आवधिक बसाइसराइ, अस्थायी बसाइसराइ, स्थायी बसाइसराइ, बसाइसराइ र सामाजिक सांस्कृतिक परिवर्तन, बसाइसराइको प्रवृति, दिशा र परिणाम र सम्बन्धीत पूर्व साहित्य समिक्षा जस्तो विषयहरुको सन्दर्भमा व्यवस्थित गरिएको छ । अध्याय तीनमा अध्ययन पद्धति अन्तर्गत अध्ययन क्षेत्रको परिचय र छनौटको औचित्य, अनुसन्धान ढाँचा, समग्रता र नमुना छनोट, तथ्यांकको श्रोत र प्रकृती, तथ्यांक संकलन विधि अन्तर्गत प्राथमिक तथ्यांकका विधिहरु सो अन्तर्गत अवलोकन, अन्तरर्वाता अनुसुची , तथ्यांकको विश्लेषण एवं प्रस्तुतिकरणलाई समेटिएको छ । अध्याय चारमा अध्ययन क्षेत्र र उत्तरदाताहरुको परिचय अन्तर्गत अध्ययन क्षेत्रको परिचय , उत्तरदाताहरुका आप्रवासन सम्बन्धीका जनसाङ्ख्यिक विशेषताहरु उल्लेख गरिएको छ । अध्याय पाँचमा आप्रवासीका कारण अध्याय छमा आप्रवासलाई प्रभाव पार्ने तत्वहरुको पहिचान बारेमा विश्लेषण गरिएको छ । अध्याय सातमा शहरी आप्रवासलाई प्रभावपार्ने सामाजिक तत्वहरुबारे विश्लेषण गरिएको छ । शोधको अन्तिम तथा सातौ अध्यायमा अध्ययनको सारांश , प्राप्ती र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

## साहित्यिक पुनरावलोकन

### २.१ सैद्धान्तिक समीक्षा

देशभित्र विगतमा भएको सशस्त्र द्वन्द, जनसंख्याको बढ्दो चाप, अशान्ति,असुरक्षा, आन्तरिक रोजगारीमा कमी, अस्थिर राजनीतिक अवस्था आदीका कारणमानिसहरु अन्तिम विकल्प बसाइसराइ वनेको हो भन्न सकिन्छ ।बसाइसराइकोकारण नेपालीहरूको इच्छा, आकांक्षा र आवश्यक्तामा पनि वृद्धि भएको छ भने अर्को तर्फवैदेशिक रोजगारको प्रभाव परेको पाइन्छ । हिजोको जनघनत्वले भरीभराउ मानिसहरू आजगाउ घर लेकवेसी शुन्य पारेर सुविधायुक्त ठाउँमा वसाइ सर्ने क्रम दिन प्रति दिन बढ्दो छ । हिजोकाहरीया र वालीले भरीभराउ जमीन आज बाँझो र मलजल विनाको उराठिलो जमिनमा परिणत हुँदै गइरहेको छ । शहरी तथा सुविधा सम्पन्न स्थानमा जनघनत्व दिनप्रतिदिनबढ्दो अवस्थामा छ । मानिसका दैनिक आवश्यक्ताका वस्तुहरूमा बढोत्तरी भएको छ ।हिजोको सामान्य अवस्थाको जीवन पद्धति आज भड्किलो र खर्चिलो बन्दै गइरहेको छ ।बसाइँ सराइ विषय एक महत्वपूर्ण विषयहरू मध्ये एक भएकाले यस बारेमा केही अध्ययन अनुसन्धानहरू भएका छन् । अहिले सम्म भएका धेरै जसो बसाइँ सराइ बारेका अध्ययनहरूमा आन्तरिक तथा अन्तर्राष्ट्रिय बसाइँ सराइको बारेमा नमूना तयार गर्नका लागि वा यस सम्बन्धमा वैज्ञानिक व्याख्या गर्नको लागि यसको अध्ययन भएको पाइन्छ । यस्ता अध्ययनले विविध पक्षमा प्रकाश पारेको छ । जुन निम्नानुसार उल्लेख गरिएको छ :

बसाइँ सराइ बारे व्याख्या गर्न स्वयंसिद्ध आधारको पहिलो प्रयास हो -Ernst Georg Ravenstein को "Laws of Migration" (1985)

आकर्षण र विकर्षणको अवधारणामा आधारित  Ravenstein द्वारा प्रतिपादित Everett Lee (1966) द्वारा विस्तारित बसाइँ सराइका शक्तिहरू बारेको सिद्धान्त अझै पनि विकासोन्मूख देशहरूमा उतिकै सान्दर्भिक तथा लागु हुन्छ ।

Zis (1965), Andeson (1915), stoufer (1940) हरूले बसाइँ सराइ बारे व्याख्या गर्न मानविय सम्बन्ध तथा मानविय अन्तरक्रियाको नमूनाहरू प्रयोग गर्ने कोशिश गरेका छन् ।

मौलिक स्थान (Origin) बाट लक्षित स्थान (Distination) मा बसाइँ सराइ गर्ने निर्णयको आधारहरूमा खास गरी बसोबास गर्ने स्थानको बासस्थान, त्यहाँबाट सामाजिक, आर्थिक लाभ तथा जनसङ्ख्यात्मक प्रभावहरू नै हुन्छन् -Mangalam ans Schwarzweller (1968)

बसाइँ सराइ र आर्थिक वृद्धिहरूको परिक्षण चाहिँ स्रोत, इलाका तथा लक्षित इलाका दुबैको आर्थिक दृष्टिको आधारमा गरिन्छ । यो परिक्षण श्रमिकहरूको वनावट तथा गन्तव्य स्थल र मौलिक स्थलको आम्दानीमा भर पर्दछ -Tachi (1964)

यस्ता आम्दानीमा हुने अन्तर बारे व्याख्या गर्नुपर्दा Bogue (1959) ले बसाइँ सराइको फरक आधार जस्तो उमेर, लिङ्ग शिक्षा, ग्रामिण सङ्ख्या तथा आम्दानीको स्तरलाई लिनु भएको छ । बसाइँ सराइको व्याख्या गर्ने आधारहरूमा सहरीकरण, स्वामित्व तथा जनसङख्या् को परिमाण आदि पर्दछन् - Rogers (1967), Adams (1969), Green wood (1972), Conwayet all (1981) and K.c.(1985)

उदगम स्थल् बाट सहरमा हुने बसाइँ सराइ बारे व्याख्या गर्न Mabogunje ले यसको प्रकृति, प्रारूप तथा असर बारे Mabogunje (1970) ले अध्ययन गरे प्रश्चात धेरै विद्वानहरूले पनि प्रयास गरेका छन् । तरपनि यस प्रतिसबैको देन कमि नै रहेको छ । विकासोन्मुख देशहरूमा ग्रामिण क्षेत्रबाट सहरीकरणमा हुने बसाइँ सराइ बारे जनगणना र सर्वेक्षणको आधारमा भने एकदमै कम पाइन्छ । यसरी सहरमा आउने आप्रवासी को हुन ? यिनीहरू कहाँबाट आउँछन ? सहरका कुन भागमा बस्छन् र सहरको कुन भागमा काम गर्दछन् ? यिनीहरूको सहरमा आउनाको कारण र त्यसको असर के छ ? आदि प्रश्नहरू अझै अनुत्तरित भएको पाइन्छ ।

जबसम्म उपरोक्त प्रश्नहरू बारे एक छुट्टै अध्ययन गरिदैन तबसम्म विकासोत्मुख देशको सहरीकरण र सहरको वृद्धिको प्रक्रिया जनसङ्ख्यामा पर्ने आर्थिक तथा सामाजिक प्रभाव, यसको कारण तथा विभिन्न किसिमको आवतजावत बारे अध्ययन गर्नु जरुरी छ - Goldstein and Goldstein (1981)

केही बसाइँ सराइ बारे गरिएका अध्ययनले एकदमै वस्तुपरक ढङ्गबाट मानिसहरू किन मौलिक स्थानबाट लक्षित स्थानमा बसाइँ सराइ गर्छन ्‌ भन्ने बारे प्रष्ट उल्लेख गरेको छ । कतिपय अवस्थामा आप्रवासीहरू आफैले पनि वास्तवमा किन बसाइँ सराइ गरेको हो भन्ने बारे थाहा हुँदैन । यसको लागि विकर्षणको आधारमा मात्र बसाइँ सराइको कारण हुन

सक्दैनन । यो केही मात्रामा लागू हुन्छ र सबै अवस्थामा बसाइँ सराइको निर्णयबारे यसले मात्र पुष्टि गर्न सक्दैन ।

बसाइसराइको विषयमा हाम्रो परम्परागत दृष्टिमा परिवर्तन गरेर उदगम स्थल् बाट शहरमा हुने बसाइँ सराइ बारे सत्य तथ्याङ्कको आधारमा नयाँ दृष्टिकोणको विकास गर्नुपर्छ ।

मानव जाति सदा बहुआयाीमिक, आशावादी तथा इच्छा र आकांक्षा भएका प्राणी हुन् । उनीहरुको आशा आकांक्षाहरु समय तथा सामाजिक स्तर जस्ता कुराले बदली रहन्छन् । विकसित देशका शिक्षित मानिसहरू देश भित्रै पनि एक स्थानबाट अर्को स्थानमा र देश बाहिरै भएपनि राम्रो जीवनस्तर वा राम्रो सामाजिक स्तर प्राप्तिको लागि बसाइँ सराइ गर्दछन् तर विकासोत्मुख देशहरूमा भने गरिबी तथा जनचापको कारणले नै बसाइँ सराइमा मुख्य भूमिका खेलेको हुन्छ ।

सन्दर्भ सामाग्रीको अध्ययनकै शिलशिलामा “नेपालको अन्तरक्षेत्रीय बसाइँ सराइ, एक समस्या र अवसर” नामक पुस्तकमा बसाइँ सराइ बारेको ऐतिहासिक पक्षबारे यथेष्ट व्याख्या गरेको पाइन्छ । यसमा जनसङ्ख्याको बसाइँ सराइको प्रक्रिया मानव इतिहास जत्तिकै पुरानो छ भनि उल्लेख गरिएको छ । मानिस तथा पुरै मानव समाजहरूले समेत स्रोतहरूको खोजीमा देश भित्र, अन्तर क्षेत्रीय तथा एक महादेशबाट अर्को महादेशमा समेत बसाइँ सराइ गरेका छन् ।-जनसङ्ख्या सम्बन्धी राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित "International Migration on Nepal Problem and Prospect" (NCP 1984)

यसर्थबसाइसराईपेशाआफू बसेको ठाउँमा जीवन निर्वाहका लागी आर्थिक तथा भौतिक सुविधाहरु अपर्याप्त भएको खण्डमा मानिसहरु आफ्नो पेशालाई सुहाउने ठाउँमा सर्दछन् । उमेर बसाइसराईमा खास गरी युवा युवती वा सक्रिय जनसंख्या संलग्न रहन्छन् । किनकी उनिहरु नयाँ ठाउँमा काम गर्न तथा घुलमिल गर्न बढि सक्षम हुन्छन् । सेवा तथा सुविधाको लागी  मानिस कम सुविधा भएको ठाउँबाट अधिक सुविधा भएको ठाउँमा सर्दछन् । नेपालको गाउँबाट शहरमा जाने र पहाडका कठिन भुगोलबाट तराइमा आउने एउटा कारण सेवा सुविधा पनि हो ।  बसाइसराईलाई आकर्षण र विकर्षण गर्ने तत्वहरुले प्रभाव पारेका हुन्छने । विकर्षणका तत्वहरु जस्तै : बेरोजगारी, भू- स्वामित्वहरण, कष्टकर जीवन, दैवी प्रकोप, आर्थिक अवसरको कमि, कमजोर प्रशासन, सामाजिक द्धन्द,  पुर्वाधार विकासको कमि आदी । आर्कषणका तत्वहरु जस्तैः रोजगारीमा अवसर, पुर्वाधार विकास, शहरीकरण, विश्वव्यापीकरण, सामाजिक सुरक्षा,सीप ज्ञानको मूल्य, मानविय विकासमा सेवा, सुनौलो

भविष्यको कामना आदी । शहरी आप्रवासलाई प्रभाव पार्ने  सामाजिक तत्वहरु के कस्ता रहेका छन् प्रभाव सकरात्मक वा नकरात्मक के छन् सो सम्बन्धमा विज्ञहरुको धारणा आदी विषयमा जानकारी लिनु दिनु आप्रवासी खोजी गर्नु, आप्रवासलाई प्रभाव पार्ने तत्वहरुको पहिचान, शहरी आप्रवासमा प्रभाव पार्ने सामाजिक तत्व पत्ता लगाउनु नै पूर्व साहित्य समिक्षा हो जसले समाजको वस्तुस्थितीको अवस्था बुझ्न सहयोग गर्दछ ।

### २.१.१. बसाइ सराइको सिद्धान्त

बसाइ सराइका कारणहरू खोजी गर्दै जाने क्रममा सन् १८७१ र १८८१ माबेलायतमा सम्पन्न भएका दुवै जनगणनाका तथ्यांकहरूको तुलना गर्दै प्रसिद्ध विद्वान्इभेसट जर्ज रिभेन्टाइनले बसाइ सराइ सम्बन्धी सिद्धान्तको प्रतिपादन गरे। उनकोविचारमा अधिकांश बसाइ सराइ छोटो दुरीका लागि हुने गर्दछ । बसाइ सराइ कर्ता एकीकृत हुने क्षेत्र तर्फ जाँदा उनीहरूले खाली गरेको ठाउँलाई अन्य दुर्गम क्षेत्रका मानिसद्वारा पूर्ति हुने गर्दछ लामो दुरमिा बसाइसर्नेहरूले ठूला शहर वा औद्योगिक क्षेत्रतर्फ बसाइ सराइलाईप्राथमिकता दिन्छन् । भने शहरी क्षेत्रमा बसोबास गर्नेहरू ग्रामीण क्षेत्रमा बसोबास गर्नेकातुलनामा कम बसाइ सर्दछन्। छोटो दुरीमा पुराष्हरूको तुलनामा महिलाहरू बढी बसाइसराइमा संलग्न हुन्छन् तर लामो दुरमिा भने पुरुषहरू बढी बसाइ सराइ गर्दछन् -रिभेन्टाइन, सन्१८८९ ।त्यसै गरी बसाइ सराइकै क्रममा आफ्नो मौलिक थलो छाड्न र गन्तव्य स्थानमा पुगन थुप्रै तत्वहरूले दुवै तर्फ प्रभावित गर्दछन् वास्तवमा मौलिक थलोको यथार्थजानकारी गन्तव्य स्थानमा जानेहरूलाई भए तापनि गन्तव्य स्थानका बारेमा भने धेरै हदसम्म उनीहरू अनभिज्ञ हुन्छन् - इमरेसट एस अतः बसाइसराइले अन्तिम रूप लिनु पूर्व थुप्रै आन्तरिक अवरोधहरू रहेका हुन्छन्, जसमा दुरी र यातायातको महत्वपूर्ण भूमिका हुन्छ । यो आधुनिक युगमा प्राविधिक तत्वहरूले बसाइसराइमा खासै प्रभाव पार्छन् भन्न सकिँदैन, किनकि यसको प्रभाव प्रायः सबै स्थानमा हुनथालेको छ । त्यसैले बसाइ सराइका लागि व्यक्तिगत तत्वहरू नै अति महत्वपपूर्णमानिन्छन् । किनभने यी तत्वहरूले गर्दा नै मौलिक तथा गन्तव्य स्थानबारेमा व्यक्तिहरूले बुझि मूल्यांकन गरेर उनीहरू बसाइ सर्न सफल हुन्छन्। व्यक्तिगत गुणमा रहेकोभिन्नताकै कारण लीले बसाइ सराइको निर्णयलाई कहिल्यै पनि पूर्ण विवेकीकरणमा आधारितहुन्छ भनी स्वीकार्दैनन्। लीका विचारमा सम्पूर्ण बसाइ सराइ कर्ताहरू आफ्नै निर्णयमाबसाइ सर्दैनन्। उदाहरणको लागि अभिभावकका साथमा उसका बालबच्चाहरू स्वतः बसाइसराइमा संलन रहन्छन् । जसलाई सकेुन्टीयल माइग्रेसन भन्छिन

।लीका अनुसार बसाइ सराइ नकरात्मक तत्वमा बाध्यात्मक, सकरात्मक तत्वमाआकर्षणका साथै तटस्थका कारणले गर्दा अवरोधजन्य कारणबाट तथा यातायातकोसम्बन्धबाट प्रभावित हुन्छन् । यहाँ मानिसहरू यिनै तत्वहरूलाई आधार बनाई फाइदा रबेफाइदालाई आधार बनाई त्यसमा विचार गरी बसाइ सराइ गर्ने वा नगर्ने निर्णय गर्दछ ।बसाइ सराइ प्रवाह चार किसिमको हुन्छ ।

गाउँबाट गाउँमा, गाउँबाट सहरमा, शहरबाटशहरमा र शहरबाट गाउँमा ।यसमा पनि अधिकांश मानिसहरू गाउँबाट शहरतिर बसाइ सराइ गरेको पाइन्छ ।त्यसमा पनि गाउँमा भन्दा शहरमा न्यून ज्याला, महंगी, खराब वातावरण, आदिका कारणपनि शहरी क्षेत्रमा नै बढी आकर्षण भएको पाइन्छ भने अर्को तर्फ कुनै न कुनै दिनऔपचारिक जागिर पाउने आशाले धेरै मानिसहरू शहरतिर बसाइ सरी आउने गरेको देखिन्छ - टोडारो, सन्१९७६ ।नेपालमा आन्तरिक बसाइ सराइको प्रचलन धेरै पहिले देखि सुरु भएको इतिहासले देखाउँछ तर पनि विगत ५ वटा जनगणना वर्षहरू देखि मात्र नेपालमा बसाइ सराइका तथ्यांक संकलन गर्न थालिएको हो । नेपालमा बसाइ सराइका तथ्यांकहरू संकलनगर्न सन् १९६१ देखि सुरु गरिएको पाइन्छ । नेपालमा आन्तरिक बसाइ सराइको प्रवृत्तिदिनप्रतिदिन बढ्दो क्रममा रहेको देखिन्छ । सन्१९६१ मा ४,२२,४०२ जना नेपालीहरूलेदेशभित्रै बसाइ सराइ गरेका थिए भने सन्१९६१ मा ४,४५,१२८ जनाले आन्तरिक बसाइसराइमा भाग लिएका थिए ।पहाडी क्षेत्रमा मानिसहरू विदेशमा गई काम गर्न थालेको पाइन्छ । आफ्नो देशबाटबसाइ सरी अन्य देशमा जाने प्रक्रियालाई प्रवासन भनिन्छ । सुरु सुरमा यस्ता व्यक्तिहरूकोसब्ख्या कम भए तापनि हाल यसको सब्ख्या तीव्र रूपमा बढ्दै गउको पाइन्छ । त्यसै गरीज्ञटनेपालमा पर्यटकीय एवम् अन्य उद्देश्यले नेपाल भिनि विदेशीहरूको सब्ख्या पनि विगतकोतुलनामा बढ्दै गएको पाइन्छ ।अन्य देशहरूबाट बसाइ सहरी कुनै देश भित्र आउनेप्रक्रियालाई आप्रवासन मानिन्छ । नेपालमा विगत ४ दशकदेखि आप्रावासीहरूको संख्यामाउल्लेखनीय वृद्धि भएको पाइन्छ -(के.त.वि. सन्२०१४)

पहाडी क्षेत्रमा मानिसहरू विदेशमा गई काम गर्न थालेको पाइन्छ । आफ्नो देशबाटबसाइ सरी अन्य देशमा जाने प्रक्रियालाई प्रवासन भनिन्छ । सुरु सुरमा यस्ता व्यक्तिहरूको संख्या कम भए तापनि हाल यसको संख्या तीव्र रूपमा बढ्दै गएको पाइन्छ । त्यसै गरीनेपालमा पर्यटकीय एवम् अन्य उद्देश्यले नेपाल भित्रिने विदेशीहरूको संख्या पनि विगतकोतुलनामा बढ्दै गएको पाइन्छ ।अन्य देशहरूबाट बसाइ सहरी कुनै देश भित्र आउनेप्रक्रियालाई

आप्रवासन मानिन्छ । नेपालमा विगत ४ दशकदेखि आप्रावासीहरूको संख्यामाउल्लेखनीय वृद्धि भएको छ ।

### २.१.२बसाई सराइको प्रकार

बसाइसराई अस्थायी तथा स्थायी  दुइ स्वरुपको हुन्छ । बसाइसराइ आन्तरीक तथा बाह्य अर्थात राष्ट्रिय तथा अन्तराष्ट्रिय हुन्छ । व्यक्तिको संख्याको आधारमा बसाइसराइलाई क) समुहगत वसाइसराइ ख) स्वतन्त्र व्यक्तिगत वसाइसराइँ ग) नियन्त्रित बसाइसराई गरी मुख्य तिन भागमा बाँड्न सकिन्छ । यस्तै स्थानको आधारमा क) आन्तरीक बसाइसराइ ख) अन्तराष्ट्रिय बसाइसराइ गरी दुई भागमा र बसाइसराइको समयावधिको आधारमा क) स्थायी बसाइसराइ ख) अर्द्ध स्थायी बसाइसराइ ग) अस्थायी वसाइसराइ घ) आवधिक वसाइसराइ गरी मुख्य रुपले चार भागमा विभाजन गर्न सकिन्छ । यसरी आन्तरीक बसाइसराइ देश भित्रै आफ्नो उत्पति स्थान छोडर अर्को ठाउँमा जाने प्रक्रियालाई प्रक्रियालाई उत्प्रवास र यसको विपरित एक स्थान छोडेर अर्को स्थानमा भित्रीने प्रक्रियालाई आप्रवास भनिन्छ । कुनै एक क्षेत्रबाट अर्को क्षेत्रमा वसाइसराइ सर्ने प्रक्रियालाई आन्तरीक बसाइसराइ भनिन्छ ।आन्तरीक बसाइसराइ विभिन्न प्रकारका हुन्छन् । जसमध्ये समय, प्रवाह, भौगोलिक प्रदेश अनुसार बसाइसराइका प्रकारहरु हुन्छन् । बसाइसराइ समयका आधारमा अस्थायी , आवधिक र स्थायी गरी तीन प्रकारले वर्गीकरण गर्न सकिन्छ । -नेपाली समाज र संस्कृतिका उपागमहरु -के.सी र क्षेत्री

### २.१.२.१अवधिक बसाइँ सराइ

वर्षको एक पटक आफ्नो क्षेत्र छोडी अन्यत्र गई काम गर्नेहरू यस प्रकारको बसाइँ सराइ अन्तर्गत पर्दछन ्। तुलनात्मक रूपमा आफूसँग कम जमिन हुनेहरू, खेतीपातीको काम हुने समयमा, कृषि मजदुरको रूपमा मजदुरी गर्न एक ठाउँबाट अर्को ठाउँमा, एक जिल्लाबाट अर्को जिल्लामा जाने गर्दछन् । आफ्नो घरबाट घ्यू, जडीबुटी तथा अन्य कृषिबाट उत्पादित सामान बेच्ने गर्दछन् । त्यस अवधिमा आफूले लगेको सामानहरूको बिक्री गरेर भएको आर्जन र अस्थायी काम गरी पाएको ज्यालाबाट आफूलाई आफ्नो घरमा चाहिने सामानहरू किनेर फर्कने गर्दछन् । यस प्रकारको बसाइँ सराइ खास गरेर तिहार पछाडि (मङ्सिर, पुस) मा हुने गर्दछन् ।

### २.१.२.२. अस्थायी बसाइँ सराइ

एक ठाउँबाट अर्को ठाउँमा अस्थायी रूपमा बसोबास गर्ने कार्यलाई अस्थायी बसाइँ सराइ भनिन्छ । सामान्यतया जागिर खाने मानिसहरू जागिरको शिलशिलामा आफू बसोबास गरेको स्थान छोडेर जागिर खाने स्थलमा जाने गर्दछन् । जागिरको जागिर सरुवा हुँदाहुँदै उनीहरूको बसोबास पनि सर्दै जान्छ । उनीहरूको स्थायी बसोबासको केन्द्र एकस्थान एक स्थान हुन सक्दछ भने बस्ने चाँही निरन्तर परिवर्तन भै रहने गर्दछ । सुगौली सन्धि पछि धेरै नेपाली युवाहरूले ब्रिटिस इण्डियाको सेनामा भर्ति भई काम गर्न थालेका थिए । उनीहरू लामो समय पश्चात आफ्नै देशमा फर्केर आउँथे । यस्तो किसिमको बसाइँ सराइलाई अस्थायी बसाइँ सराइ भनिन्छ । अहिले पनि उल्लेखनीय सङख्यामा नेपालीहरू बेलायत र् भारतीय सेनामा भर्ति भैरहेका छन् । यसको अलावा धेरै नेपालीहरू भारत, जापान, यूनाइटेड अरब इमिरेट्स, बैङ्क, हङकङ, सिङ्गापुर, ताइवान, मलेसिया, अस्ट्रेलिया, अमेरिका, क्यानडा आदि देशहरूमा गई काम गर्ने गर्दछन । अहिले नेपाल बाहिर काम गर्न चाहनेको लागि नेपाल सरकारले व्यवस्थित ढङ्गबाट रोजगारी हासिल गर्न सक्ने तयारी गर्न लागेको छ । जो अस्थायी रूपमा आफनो देश बाहिर गएर बस्छन् तीनलाई अस्थायी बसाइँ सराइ भनिन्छ । यस्ता खाले बसाइँ सराइहरू आफ्नो सशक्त तथा उत्पादनमूलक जीवन विदेशमा बिताएर अवकाश ग्रहण गरेपछि मात्र आफ्नो देशमा फर्कने गर्दछन् । यस्तो खाले अस्थायी बसाइँ सराइको कार्य विकसित देशमा नभई अविकसित देशमा मात्र भएको देखिन्छ ।

### २.१.२.३.स्थायी बसाइँ सराइ :

आफ्नो सबै परिवार सहित सधैको लागि आफ्नो उद्गम स्थल, सहर, प्रान्त क्षेत्र छोडेर अन्यत्र बसोबास गर्नेहरू यस प्रकारको बसाइँ सराइ अन्तर्गत पर्छ । १९५६ मा तरार्यमा औलो उन्मुलन भएपछि सरकारले त्यस क्षेत्रमा पूनर्वासको कार्यक्रम थालनी गऱ्यो । यस योजनाबाट नेपालमा हिमाली र पहाडी क्षेत्रबाट बसाइँ सराइ गर्ने क्रमको सुरुवात भयो । धेरै जसा पहाडबाट तराईमा बसोबास गर्ने क्रमको सुरुवात भयो । धेरै जसो पहाडबाट तराईमा बसोबास गर्न आएकाहरूले तराईमा प्राप्त गरेको जग्गामा आफ्नो श्रम खर्चने हिसाबले आएका थिए । विदेशी नागरिकहरूसँग विवाह गरेर विदेशमा गई बसोबास गर्ने नेपाली युवाहरू पनि स्थायी बसोबास गर्नेहरूमा पर्दछन् । ऐतिहासिक काल देखि नै तराई क्षेत्रका मानिसहरूको भारतीयहरूसँग बैवाहिक सम्बन्ध रही आएको छ ।

### २.१.३. .बसाइ सराइ र सामाजिक सांस्कृतिक परिवर्तन

नेपालमा बसाइसराइ र सामाजिक सांस्कृतिक परिवर्तन एक किसिमले अनौठो, विचारणीय रछुट्टै खालको देखिन्छ । मानिसहरू आफ्ना अनगिन्ती इच्छा र चाहना पुरा गर्नएकठाउँबाट अर्को धेरै सुविधा सम्पन्न भएको ठाउँमा बसाइ सरेर जान्छन्। धेरै जसो महिलातथा पुरुषहरूले २०-३९ गवर्षको उमेरमा बसाइ सराइ गर्ने गरेका छन्। नेपालमा विवाहधेरै चाँडो उमेरम ।गर्ने चलन छ । यसले गर्दा बसाइ सराइ गर्ने बेलामा बसाइ सराइगर्नेहरूको विवाह भइसकेको हुन्छ । औसत रूपमा अशिक्षितको तुलनामा शिक्षित व्यक्तिहरूनै बढी बसाइ सराइ गर्ने गरेका छन्। महिलाहरू मध्ये विधवाहरूले बढी बसाइ सराइ गर्नेगरेको देखिन्छ भने पुरुषहरू मध्ये नव विवाहित पुरुषहरूले बढी बसाइ सराइ गर्ने गरेको देखिन्छ ।त्यसै गरी आफूले जुन धर्म संस्कृति मानिन्छ आफू पनि त्यसै धर्म संस्कृति मान्नेमानिसहरूको समुदायमा बसाइ सराइ गरिन्छ । जस्तो जुन ठाउँमा हिन्दु धर्म मान्नेमानिसहरू बस्छन्। त्यसै ठाउँमा त्यस धर्म मान्ने मानिसहरू पनि बसाइ सरेर जान्छन्,आफ्नो धर्म, भाषा, भेषभूषा, संस्कृति, रहन सहन आदि जहाँ मिल्छ मानिसहरू त्यसैठाउँमा बसाइ सरेर जान्छन् भने यस ठाउँको जनसब्ख्या पनि घटबढ हुन्छ र परिवर्तनहुन्छ ।

### २.१.४. बसाइँ सराइको प्रवृत्ति , दिशा र परिणाम

नेपालको आन्तरिक बसाइसराइनेपालमा बसाइँ सराइको प्रवृत्ति बढ्दै गई रहेको छ । जीवन भरीको बसाइँ सराइ गर्नेहरूको सख्या स्थानिय बसोबास गर्नेहरूको संख्या भन्दा बढ्दै गइरहेको छ ।बसाइँ सराइका विभिन्न प्रकार मध्ये आन्तरिक बसाइँ सराइ गर्ने प्रवृत्तिलाई नेपालमा मुख्यकारणको रूपमा लिएर अध्ययन गरिएको छ । जन्मेको ठाउँलाई आधार बनाएर नेपालमा राष्ट्रिय जनगणनाको तथ्यांकबाट धेरै आन्तरिक बसाइँ सराइ अध्ययन भएका छन्। जस्तोथापा र राण १९७४, गुभाजु १९८०, राष्ट्रिय योजना आयेग १९८४, केन्द्रिय तथ्यांकविभाग १९८७, गुरु१९८९ इत्यादि । तिनीहरूले खास गरीकन बसाइँ सराइको परिमाण,दिशा, बहाव र विशेषतालाई नै ध्यान दिएर अध्ययन गरेका थिए । १९६० तिर तराईमाऔलो उन्मूलन भएपछि र सरकारले तराईमा पूनर्वासको योजना कार्यान्वयन गरे पछि हिमाली क्षेत्र र पहाडी क्षेत्रबाट अत्याधिक मात्रामा मानिसहरू तराईमा गएर बसोबास

गर्नथाले। तराईमा विकासको पूर्वाधार र विकासको क्रियाकलापले गर्दा रोजगारी पाउनेसम्भावना बढी हुन गएको कारणले गर्दा नै तराईमा हिमाली तथा पहाडी क्षेत्रबाट बसाइँसराइ गरेर आउनेहरूको संख्यामा बृद्धि भएको हो। परिणाम स्वरूप दुवै मौलिक र गन्तव्यप्रष्ट रूपमा जनसांख्यिक, सामाजिक, आर्थिक र वातावरणीय परिवर्तन भएको छ ।

नेपालको आन्तरिक बसाइसराइलाई भौगोलिक क्षेत्रका आधारमा विश्लेषण गर्न सकिन्छ । हिमाली पहाडी तथा तराई क्षेत्रमा हुने बसाँइसराइले अन्तरक्षेत्रिय गतिशिलताको बारेमा संकेत गर्दछ । त्यसै गरी देशको आर्थिक तथा सामाजिक विकासका लागी आवश्यक निति निर्माण गर्नका लागी समष्टिगत मानिसको प्रवाह कता छ भन्ने कुरा पनि यहा महत्वपूर्ण हुन्छ । क्षेत्रगत रुपमा हुने यस्तो बसाइसराइले छोडेको तथा गएको दुवै स्थानमा सकरात्मक तथा नकरात्मक दुवै खालको पभाव पार्दछ । कुनै स्थानमा साधन र स्रोतको अभाव हुन जान्छ भने कतै साधन र स्रोतको परिचालन गर्न समेत कठिनाई पर्दछ । नेपालको राष्ट्रिय र अन्तरक्षेत्रिय र क्षेत्रिय बसाइसराइको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका २.१**

**पर्यावरणीय क्षेत्र अनुसार जनसङ्ख्याको वितरण**

| वर्ष | हिमाल | पहाड | तराई |
|---|---|---|---|
| १९७१ | ११३८६१० | ६०७१४०७ | ४३४५९६६ |
| १९८१ | १३०२८९६ | ७१६३११५ | ६५५६८२८ |
| १९९१ | १४४३१३० | ८४१९८८९ | ८६२८०७८ |
| २००१ | १६८७८५९ | १०२५११११ | ११२१२४५३ |
| २०११ | १६८१७९२ | ११३९४००७ | १३३१८७०५ |

स्रोत : जनगणना १९७१, १९८१, १९९१, २००१, २०११

### तालिका नं. २.२

### भौगोलिकता अनुसार अन्तरजिल्ला बसाइसराई जनगणना सन् २०११

| वर्ष | हिमाल | पहाड | तराई |
|---|---|---|---|
| २०११ | ३५७४११ | २१५७४२० | ७१६१०९ |

### तालिका नं. २.३

### अन्तर क्षेत्र र क्षेत्रभित्रको बसाइसराई सन् २०११

| क्षेत्र | क्षेत्रभित्र | अन्तरक्षेत्र | जम्मा |
|---|---|---|---|
| पुर्वाञ्चल | २०६८६३ | ८१८७४३ | १०२५६०६ |
| मध्यमाञ्चल | ५७७५२८ | ५१५९५५ | १०९३४८३ |
| पश्चिमाञ्चल | २३४९६५ | ६५३१७४ | ८८८१३९ |
| मध्यपश्चिमाञ्चल | ८२६५३ | ३०३४८७ | ३८६१४० |
| सुदुरपश्चिमाञ्चल | ३१९९३ | २८४३६७ | ३१६३६० |
| जम्मा | ११३४००२ | २५७५७२६ | ३७०९७२८ |

स्रोत : जनगणना २०११

## २.२. सम्बन्धीत पूर्व साहित्य समिक्षा :

नेपालमा भएका बसाइँ सराइका अध्ययनहरू मुख्यतः बसाइँ सराइका प्रतिमान, विशेषता, यसका कारण र यसको असर बारेमा नै केन्द्रित भएको पाइन्छ । मुख्यतया देशबाट बाहिर कुनै बसाइँ सराइ, बाहिरबाट देशभित्र हुने बसाइँ सराइ तथा यसबाट नेपालको सामाजिक तथा राजनैतिक जनजीवनमा पर्ने प्रभाव बारे विशेष उल्लेख गरेका छन् । एक कार्यशाला गोष्ठीमा तयार पारेको प्रतिवेदन अनुसार भारतले नेपालको पहाडी क्षेत्रमा बढी हुन आएका जनसङ्ख्यालाई ऐतिहासिककाल देखि नै एक सुरक्षित निवास दिने काम गर्दै आएको छ । पहाडी क्षेत्रबाट बसाइँ सराइ सर्नुपर्ने कारणहरू मध्ये पहाडी क्षेत्रमा प्रतिइकाई जमिनमा जनघनत्व बढी हुनु, पहाडी क्षेत्रभन्दा बाहिर रोजगारीको अवसर राम्रो हुनु तथा तराई

क्षेत्रबाट मलेरिया उन्मूलन हुनु नै मुख्य हुन । यहि प्रतिवेदन अनुसार आर्थिक विकासको बढी संभाव्य क्षेत्रलाई पहिलो विकास गर्ने नीति लिएर अन्तर क्षेत्रीय असमानता बढ्न गई राजनैतिक र झगडा सुरु हुनलाई मद्दत पुग्छ भनि भनिएको छ । तसर्थ यसको बदला सबै क्षेलाई साथसाथै विकास गर्दै लैजानु राष्ट्रिय आर्थिक विकासको पहल कदमी हुनेछ ।

तराईमा हुने बसाइँ सराइ बारे गरिएको अर्को अध्ययन गुरुङले गर्नु भएको अध्ययन हो । यसमा बसाइँ सराइ भनेको क्षेत्रीय जनसङ्ख्या मा परिवर्तन ल्याउने अप्रत्यक्ष कारक तत्व हो । त्यसैले पहाडी तथा तराई दुवै क्षेत्रमा रोजगारीको अवसर विकास गर्नुपर्छ भनेर तर्क र सुझाव पेश गरेका छन् । नेपालमा बसाइँ सराइको मुख्य कारण भनेको पहाडी क्षेत्रमा भएको गरिबी हो भनेर प्रकाश पारेका छन् । कृषि क्षेत्र बाहेक काम गर्ने अन्य कुनै गैरकृषि क्षेत्र नभएका कारण मानिसहरूको भविष्य विकासको बाटो बन्द देखिन्छ । यही कारणले पहाडका बहुसंख्यक मानिसहरू अत्यन्ते गरिबी जीवन बिताउन बाध्य छन् । यही एउटा कारणले गर्दा पनि पहाडी क्षेत्रमा बस्ने मानिसहरू रोजगारीको लागि दक्षिण समतल इलाकातर्फ स्वदेश वा विदेश जहाँ कहि जानबाध्य भएका छन् । -Gurung and Butchman (1974)

त्यसैगरी CNAS (1991) ले गरेको अध्ययनमा पनि आर्थिक असन्तुलनता नै बसाइँ सराइको मुख्य कारण हो भनि एकिन गरेको छ । खेती योग्य अमिनको असमान वितरण तथा पहाड र तराईका मानिसहरूको असमान आम्दानीका कारणले पनि पहाडबाट बाहिर तर्फ हुने बसाइँ सराइलाई पोत्साहन गरेको छ । तराईमा उपलब्ध सिचाई सुविधाका कारण कृषि क्षेत्रमा अवसर पनि बढी भएको हुनाले पहाडका मानिसहरू तराई तर्फ आकर्षित भएका छन्

बसाइँ सराइको समस्या बारेमा गरेका अध्ययनमा बसाइँ सराइको परिमाण, प्रकृति, गहनता तथा यसको कारण र परिणामलाई तथ्याङक गणनाको आधारमा विश्लेषण गरेको छ । -CEDA (1973)

त्यसैगरी पहाडबाट तराईमा बसाइँ सराइ गर्नेहरूको बारेमा धेरै अनुसन्धानहरू पनि भएका छन् । यसैगरी CEDA ले पश्चिमी विकास क्षेत्रमा गरिएको योजनाबद्ध पूनर्वास योजना बारे पनि अध्ययन गरेको छ । यस अध्ययनमा बसाइँ सराइ बारे पूर्नवास योजनाको सम्बन्धमा

नयाँ सोच, बसोबास गर्नेहरूको चरित्र र विशेषता, जातीय वर्गीकरण, आम्दानी जमिनको स्वामित्व तथा वस्तुभाउको सङ्ख्या आदि परेका छन् । -गुरुङ, १९७४

विगत ५० वर्षमा भएको जनसङख्याको गतिशिलता बारे अध्ययन गरेका छन् -Kansakar ( १९७४) यस अध्ययनले तराईका तुलनामा पहो डी क्षेत्रको गरिबी नै बसाइँ सराइको मुख्य कारण हो भनेर निष्कर्ष निकालेको छ । यसैले पहाडी क्षेत्रको विकास गर्नुपर्ने तथा नेपाल रभारत कुनै पक्षबाट बसाइँ सराइमा नियन्त्रण गर्ने प्रयास हुनुपर्छ भनेर सिफारिस गरेका छन।

बसाइँ सराइको विषयमा तराईको खिच्ने तत्व भन्दा पहाडको घचेट्ने तत्व बढी प्रभावशाली भएको देखिन्छ । पहाडमा मानिसलाई मुख्य घचेट्ने तत्व भनेको नै अत्याधिक बढ्दो जनसङख्या, कृषियोग्य जमिनमा बढ्दो जनचाप, सिमित कृषि उत्पादन, तथा अन्य स्रोत साधनको कमी नै हो । यस अध्ययनले समस्या समाधनको लागि पहाडी जिल्लाको विकासमा प्रयास तथा पूनर्वास योजनाको विस्तार गर्न उपयुक्त क्षेत्रको छनोट गरी विकास गनृ चाहिने उपयुक्त मिश्रित राजनीतिको तर्जुमा गर्नु पर्ने सिफारिस गरेको छ । -Ranad Thapa को अध्ययन (Rana & Thapa, 1974)

त्यसैगरी NEW ERA (1975) को "अन्तर क्षेत्रिय बसाइँ सराइ एक समस्या तथा अवसर" भनी गरेको अध्ययनबाट यस्तो थाहा हुन्छ : पहाडमा जनसङ्ख्याको चाप, अपर्याप्त जमिन, खाद्यन्नको अभाव तथा पहाड र हिमालमा भएको पर्यावरण तनाव आदि नै पहाड र हिमालका घचेट्ने तत्व हुने भने उर्वरा जमिन, सरकारी योजनाबद्ध पूर्नवास अवसर भौतिक सुधिवा तथा साथी नातागोताहरूको उपस्थिति आदि चाहि तराईका तान्ने तत्व हुन् ।

एक अर्को अध्ययनमा बसाइँ सराइले जनसङख्याको गतिशिलतामा पार्ने महत्वबारे पाइन्छ । यसबाट आन्तरिक तथा बाह्य बसाइँ सराइ बारे योजना तथा कार्यक्रम बनाउन सहयोग पुग्छ । यस अध्ययन अनुसार तराई र पहाड बिच विकास तथा स्रोत साधनमा भएको ठूलो क्षेत्रीय असमानता नै बसाइँ सराइको मुख्य कारण हो । -Gurung (1983)

ग्रामिण बसाइँ सराइ बारेमा सूक्ष्म तथा बृहत स्तरको अध्ययनले गर्दा १९७१ को

जनगणनाको तथ्याङकलाई आधार मानि गरेका छन । यसको वृहत अध्ययन अनुसार तराईमा मुख्य बसाइँ सराइ हुनुको मुख्य कारक तत्व भनेकै कृषिबाट हुने आम्दानी तथा सिंचाई योजना पूर्नवास योजना जस्ता सरकारी कार्यक्रम उद्योगजन्य क्रियाकलाप आदि हुन् । त्यसैगरी बसाइँ सराइ सम्बन्धी शुक्ष्म तहको कारक तत्वलाई हेर्दा शिक्षा, उमेर, स्थानिय सामाजिक तत्व जस्तो परिवार, नातागोता, अशक्तता आदि पर्न आउँछन् -K.C. (1985)

पहाडी उद्गम स्थलबाट तराईको उद्गम स्थलमा हुने गरेको बढ्दो बसाइँ सराइका कारण तराईमा जमिन नै नहुने तथा अति न्यून जमिन हुनेको सङ्ख्या बढ्दै गएको छ-(k.c.1986)

बसाइँ सराइको संस्कृति र समाजबारे गरेका अधययन Peet 1978) मा यस्तो पाएका छन् । बसाइँ सराइ भनेको कुनै स्वतन्त्र रूपमा बदलिने तत्व होइन र यको आन्तरिक बाह्य कुनै पनि परिवर्तन प्रति देखिने प्रतिक्रिया हो जो स्थानिय समाजमा प्रत्यक्ष देख्न सकिन्छ । सुदुरपश्चिम नेपालमा गरिएको सर्वेक्षण (MC Danglo) को आधारमा बसाइँ सराइ भनेको केही हदसम्म स्थानिय जनजातिका समाज र संस्कृतिमा पनि भरपर्ने कुरा हो । यस अध्ययनले तल्लो जातिका मानिसहरू नै गरिबीका कारण बढी बसाइँ सराइ गर्नै गर्छन भनी जोड दिइएको छ । -Peet

बसाइँ सराइको कारण तथा बसाइँ सराइ गर्नेहरूको स्तरलाई निजहरू आएको जन्म स्थलको आधारमा परिक्षण गरेका छन् ।-Thapa ज्यूको अध्ययनले Thapa 1995)

बसाइँ सराइ गर्नेहरूको सामाजिक तथा जनसङ्ख्या परिमाण सम्बन्धी विशेषता बारे व्याख्या पनि गरेका छन् । - उप्रेती(Upreti 1995)

नेपालको पशासन तथा यातायात सुविधाको विस्तारले गर्दा स्थानिय, नगर, पञ्चायत र स्थानिय उदगम स्थल बिच धेरै सुविधा विकास भएको छ । यही कारणले गर्दा धेरै नगर, पञ्चायत तथा व्यापारिक क्षेत्रहरू नजिकका उद्गम स्थल बस्तीको लागि बसाइँ सराइको आकर्षण केन्द्र बन्न पुगेको छ - (Balike Cameron and seddon 1986)

# अध्याय :तीन

## अध्ययन पद्धति

### ३.१ अध्ययन क्षेत्रछनौटको परिचय

पो.म.न.पा.वडा नं. १५ को सो शिवशक्ति टोलमा २०५ घरधुरी रहेको र यस क्षेत्रमा सो विषयमा अध्ययन र अनुसन्धान नभएको, शहरी बसाइसराइको कारण र सामाजिक तत्वहरुले पारेको प्रभावको अवस्था कस्तो छ भनी वुभ्m, सकरात्मक र नकरात्मक प्रभाव एवं बसाइसराइलाई प्रभाव पार्ने सामाजिक तत्वहरुवारे जानकारी लिनुको साथै हरेक गतिविधिहरूको सत्य तथ्य वाहिर ल्याउने तिव्र इच्छा भएकोले यस अध्ययनको औचित्य रहि आएको छ । कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १५ को शिवशक्ति टोल बस्ती क्षेत्रमा करिब ७० प्रतिशत घरधुरीका व्यक्तिबाहिरी जिल्लाबाट यस वस्तीटोल बसाइँ सराइ गरेका छन् भने २० प्रतिशत मानिसहरु यहि जिल्लाका रहेका छन् ।बसाइसराइको सङ्ख्यालाई हेर्दा बढ्दो हिसाबले उद्गम स्थलबाट शहरतिर बसाइँ सराइ बढी रहेको पाइन्छ । हाल कास्की जिल्लाको कुनै यस्तो ठाउँ छैन जहाँ बसाइँ सराइ गरी बस्न आउने जनसङ्ख्याको चाप कम होस भ्mन त पोखरा महानगरपालिकाको वडा नं. १५ को शिवशक्ति टोल भनेको सकुम्बासी वा अव्यवस्थीत बस्ती हो । यस टोलमा बस्ने ९१ घरधुरीका भूमिहिन सुकुम्बासी, ६६ घरधुरीका अव्यवस्थित बसोबास भएका र ४८ घरघुरी भूमिहिन दलित सुकुम्बासी रहेका छन् ।हालनेपाल सरकारले भूमि सम्बन्धी समस्या समाधान आयोग २०७६ गठन गरी स्थानिय तहमा अव्यवस्थित बसोबास, भूमिहिन दलित र भूमिहिन सुकुम्बासीका लागी जग्गा उपलब्ध गराउने प्रक्रियाको थालनी गरे अनुरुप उक्त स्थानमा पनि सो बसोबास गर्ने व्यक्तिको स्थायित्व , हक कायमको लागी अपनत्व दिलाउन व्यवस्थित बनाउन र भूमिहिन वर्गलाई भूमि दिलाउने उद्धेश्यले फारमहरु भरि सम्बन्धीत स्थानिय निकायको वडामा पेश गरी अभिलेख राख्ने कार्य गर्दै आएको छ । बसाइँ सराइकै सन्दर्भमा यस अध्ययनको उद्देश्य अनुरूप उपयुक्त क्षेत्र छनौट गर्ने शिलशिलामा यस्ता ठाउँहरू छन् । जहाँ यस जिल्ला भन्दा बाहिरबाट बसाइँ सराइ गरी बस्न आउनेहरूको

सङ्ख्या विशेषत उल्लेखनीय छ । यसैले उक्त टोलमा मुख्य ठाउँहरू केन्द्रित गरेर अध्ययन गरी यसरी अध्ययनको लागि उपरोक्त टोलहरु नै छान्नुको मुख्य कारणहरू निम्न छन् ।

- यस वस्ती टोलमा यस भन्दा अगाडि यस विषयमा कसैले पनि अध्ययन गरेको पाइएको छैन ।
- आप्रवासीको खोजी गरी आप्रवासलाई प्रभाव पार्ने तत्वहरुको पहिचान गर्नु साथै शहरी आप्रवासमा प्रभाव पार्ने सामाजिक तत्वबारे विश्लेषण गर्नु साथै आप्रवासीलाई पारेको सकरात्मक प्रभाव एवं नकरात्मक प्रभावको बारेमा वास्तविकता थाहा पाउन उक्त क्षेत्र टोल अध्ययनको लागी  उपयुक्त मानिएको छ ।

### ३.२.अनुसन्धान ढाँचा

यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक ढांचाको प्रयोग गरिएको छ । यस अध्ययनमा प्राप्त विभिन्न सूचना हरूको वर्णन गरी निष्कर्ष निकालिने अध्ययनढांचा वर्णनात्मक रहेको छ भने अध्ययनको क्रममा विभिन्न नयाँ तथ्यहरू पत्ता लगाइविश्लेषण गर्ने हुनाले अन्वेषणात्मक पनि रहेको छ  ।

### ३.३. समग्रता र नमूना छनोट

पोखरा १५ नं. वडा कार्यालयले हालै गरेको घरधुरी सर्वेक्षण खाका २०७७ अनुरुप उक्त बस्तीमा २०५ घर धुरीमा मानिसहरु बसोबास गर्दै आएका छन् । यस क्षेत्र पनि बसाइँ सराइको दृष्टिले उलेख्य मात्रमास्थानिय जनप्रतिनिधिहरूको भनाईर टोलका अध्यक्षको भनाईमा सम्पूर्ण घरधुरीका व्यक्तिहरु प्राय बाहिरी जिल्लाका छन् भने केही यस जिल्लाका व्यक्तिहरु पनि बसाइसराई गरी आएको पाइन्छ । उक्तक्षेत्रलाई उद्देश्यात्मक छनौटको आधारमा छनौट गरिनेछप्राप्त गर्न खोजेको उद्धेश्यलाई आधार मानि सरल तरीकाले प्रश्न बनाएर उत्तरदाता समक्ष  दैविक नमूना छनौट (Random Samipling) विधिद्धारा समग्रताको १०२ घरधुरीलाई छानिएको छ । तथ्याङ्क संकलनको कार्यमा शोधकर्ता स्वयम् आफै गएर गरिएको छ । २०५ घरधुरी मध्ये १०२ घरधुरीलाई दैविक नमुना छनौट विधिद्धारा अध्ययन गरिएको छ ।

### ३.४. तथ्याङ्कको स्रोत र प्रकृति

तथ्यांक संकलनका लागि अध्ययनको आवश्यकता अनुसार सङख्यात्मक तथा गुणात्मक दुवै प्रकृतिकोसुचना प्रयोग गरिएको छ । भने स्रोतहरूमा निम्न अनुसारको स्रोतहरू अवलम्बन

गरियो । जसमा समूह छलफल, व्यक्तिगत अध्ययन, विभिन्न कार्यालयका रेकर्डहरू, विश्वविद्यालयका विद्यार्थी र प्रध्यापकहरूको शोधपत्र, अटोडायरीहरू लेख, रचना, प्रतिवेदन लाई आवश्यक मात्रामा प्रयोग गरिएको छ ।स्तरीय अनुसन्धानकार्यका लागी तथ्यांकको आवश्यकता जरुरी छ । यथार्थ  पुष्टीका निमित्त सोध सहि तयार हुन तथ्यांक आवश्यकछ । अध्ययन उत्कृष्ट परिणामको लागी तथ्यांक संकलन विधिमा निर्भर हुने हुँदा अनुसन्धानको क्रममा निम्न श्रोत प्रयोग गरेर तथ्यांक संकलनगरिएको छ  ।

### ३.५. तथ्यांक संकलन विधि

यस अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरू विभिन्न विधि प्रयोग गरी सङ्कलन गरिएको छ । प्राथमिक सूचना सङ्कलन गर्न अवलोकन, अन्तर्वार्ता र मुख्यसुचना दातासँगको अन्तरवार्ता विधि प्रयोग गरिएको छ ।

### ३.५.१ प्राथमिक तथ्यांकका विधिहरू

तथ्यांक संकलनका विधिहरूमा प्राथमिक तथ्यांक संकलनका विधि अवलम्वनगरिएको छ ।प्राथमिक तथ्यांक विधिमा अवलोकन, अन्तरवार्ता अनुसूची, मुख्यसुचना दातासँगको अन्तरवार्ता राखिएको छ ।

#### ३.५.१.१ अवलोकन

अध्ययनका उद्देश्यहरूलाई ध्यानमा राखी बसाइँ सराइ क्षेत्र,कारण , तत्व र त्यस्ता परिवारहरूको अवलोकन भ्रमण गरी उनीहरूले पाएका अवसरहरू,भोगेका समस्याहरुको टिपोट गरिएको छ  ।

#### ३.५.१.२ अन्तरवार्ता अनुसूची

अध्ययनसँग सम्बन्धित विषयवस्तुसँग रहेर विभिन्न प्रकारका सूचीबद्ध प्रश्नहरू सम्बन्धित व्यक्तिहरूलाई उपलब्ध गराइ सोधिएको छ । यस अनुसन्धानका प्रश्नावलीहरू सरल, स्पष्ट र खुला प्रकृतिका छन् । यिनै प्रश्नावली मार्फत बसाइ सरी सहरमा आउनुका कारण र सहरमा आइसकेपछि प्राप्त भएका अवसर तथा आकर्षणका तत्वहरू, बसाइसराइलाई प्रभाव पार्ने सामाजिक तत्वहरु, उद्गम स्थल फर्कने, नफर्कने आदिको बारेमा जानकारी लिइएको छ । उक्त अन्तरवार्ता विधिद्वारा त्यस क्षेत्रका विभिन्न जातजातिहरूको जनसख्या विवरण, पारीवारिक विवरण, शिक्षा, पेशा व्यवसाय, बसाइसराइको कारण, अवस्था, बसाइसराईलाई

प्रभाव पार्ने सामाजिक तत्व आदीकावारेमा अन्तरवार्ता अनुसूची तयार गरी १०२ घरधुरीका घरमुलीलाई प्रश्नोत्तर गरी तथ्यांक संकलन गरिएकोछ ।

**३.६ . तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतीकरण :**

अधययन अनुसन्धानको सफलता संकलन गरिएका तथ्यांकहरूको प्रभावकारीविशलेषण र प्रस्तुतिकरणमा निर्भर रहन्छ । जसका लागि प्राथमिक तथा द्वितीय स्रोतकोआधारमा तथ्यांक संकलन गरिएको छ । यसको साथै गुणाात्मक प्रकृतिका सुचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र वस्तुपरक बनाउन त्यसरी नैव्याख्या र विश्लेषण गरिएको छ । विभिन्न प्रकृतिका तथ्यांकहरूलाई आवश्यकता अनुसार तालिकाको आधारमा तथ्यांक विश्लेषण गरिएकोछ । लेखरचना, वडाकोप्रतिवेदन र थेसिस, वेवसाइड एवम् पुस्तकहरू  आदी हेरिएको छ  ।

# अध्याय :चार

# अध्ययन क्षेत्र र उत्तरदाताहरूको परिचय

## ४.१. अध्ययन क्षेत्रको परिचय

पोखरा महानगरपालिकाको वडा नं. १५ क्षेत्र शहरी क्षेत्र हो । पोखरा महानगरपालिकाको झण्डै ५७३.७५ हेक्टर क्षे.फ. मा फैलिएको पुर्व विरेन्द्र चोक, खहरे , पशु विकास फार्म, पश्चिम सेती नदी पुरै, उत्तर रामबजारको मार्ग र दक्षिण द्धारे खरवारी पट्नेरीसम्म फैलिएको भु-भाग पोखरा-१५ ले आगटेको छ । पछिल्लो समय स्थानिय भन्दा छिमेकी जिल्लाबाट बसाई सराई गरी आउने मानिसहरुको संख्या उल्लेख्य भई रहेको पाइन्छ । पो.म.न.पा.वडा नं. १५ को जनसंख्या १७,०२७ रहेको छ जसमा महिलाको संख्या ९२४७ र पुरुषको संख्या ७७८० र घरधुरी ४३२८ रहेको छ । ( श्रोत जनगणना २०६८ र राष्ट्रिय योजना आयोगको सचिवालय, के.त.वि.) । यस वडाको कार्यालय पोखरा महानगरपालिकाको कार्यालयबाट पूर्व दक्षिण तर्फ पोखरा- १५ कोलपाटनमा अवस्थित छ । यस वडामा वन विज्ञान क्याम्पस, भारतिय पेन्सन क्याम्प, एस.ओ.एस बालग्राम, हरियो खर्क अस्पताल, अन्नपूर्ण संरक्षण कोष, होटल फुलबारी केही ठूलो संस्थाहरु अवस्थित छन् निजी र मिसन गरी १२ वटा विद्यालय र एक सरकारी विद्यालय रहेको छ । वडा कार्यालयको मातहतमा १ सरकारी स्वास्थ्य केन्द्र रहेको छ । सहकारी संस्था ४ वटा,बालक्लव साथै युवाक्लव, ३५ वटा आमासमूहहरु, श्री सिद्धेश्वर महादेव मन्दिर, राधा माधव श्यामाधाम, शुक्लेश्वर मन्दिर, दुर्गा मन्दिर, श्री सिद्ध गुरुकुल आश्रम र ३३ वटा टोल विकास संस्थाहरु गठन भएका छन् ।पोखरा १५ को वडा कार्यालयबाटशिवशक्ति टोल दक्षिण तर्फ करिब ३ कि.मि. दुरीमा रहेको छ । उक्त टोलको पूर्वी सिमाना शसस्त्र प्रहरी बलको मुख्य बाटोसँग जोडिएको छ । त्यस्तै दक्षिण सिमा पूर्णरुपमा खहरेसँग (भिर) जोडिएको छ । र पश्चिमी सतह (स्लोप) त्यसपछि

व्यक्तिगत जमिनसँग जोडिएको छ । यस टोलमा दुर्गा मन्दिर १, शिवशक्ति खानेपानी बोरिङ्ग १, गोनेसा संस्थाद्धारा संचालित बाल विकास केन्द्र १, शिवशक्ति तमु समाज, नमुना मगर समाज , दलित समाज घर , भेडिफारम बप्तिम चर्च आदी संस्था रहेका छन् । यहा विभिन्न जातजाती रहनसहन र भेषभुषाका व्यक्तिको बसोबास रहेको पाइन्छ । ६२ रोपनी जग्गा यस वस्तीले ओगटेको छ । यस टोल क्रान्ति टोलबाट परिचीत र भेडिफारम जुन पोखरा-१४ मा अवस्थित छ सो टोल सोही स्थानसँग जोडिएको छ । भेडिफारमको शिवशक्ति टोल भनेर चिन्ने गरिन्छ । उक्त  शिवशक्ति टोलमा टोल विकास संस्थाको स्थापना २०६२ सालमा पहिलो कार्य समिति श्री रविलाल पोखेलको अध्यक्षतामा गठन गरिएको थियो । शहरी क्षेत्रको उक्त टोलमा सामाजिक कार्यका गतिविधि केवल सन्तोष जनक रुपमा भएको मात्र देखिन्छ । टोलमा रहेका एकाध सार्वजनिक जमिनहरु अतिक्रमण र उल्लेख्य विकासका कामहरुमा प्रयोग नभएता पनि ती जमिनहरु पछि आउने पुस्ता र पिढीहरुलाई उचित प्रयोगमा ल्याउने गरि जगेर्ना गरी राखिएको छ  र हाल उक्त टोलमा टोलका अध्यक्ष एवं पोखरा -१५ द्धारा २०७७ जेष्ठ महिनामा भरेको पोखरा महानगरपालिका , शहरी योजना आयोग, सामाजिक तथा श्रोत  सर्वेक्षण फारमको विवरण वमोजिम २०५ घर धुरी रहेका , जनसंख्या ९५३ जना रहेका पुरुष ४८२ महिला ४७१ जना रहेका छन् । शिवशक्ति टोलमा बसाइसराइ गरी आउनेहरु प्राय जसो बाहिरी जिल्ला सगैं यस जिल्लाका पनि रहेका छन् । यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुको जिवन चर्या हाल आ-आफ्नै तौर तरिकाबाट चलेको पाइन्छ । यहाँ विभिन्न रितिरिवाज, विभिन्न धर्म, भाष चालचलन, संस्कृति र व्यापार व्यवसाय गर्ने मानिसहरुको बसोवास  रहेको पाइन्छ । यहा जनजातीको बाहुल्यता भएको पाइन्छ भने दलित दोश्रो स्थानमा आउँछ । भने क्षेत्री बाह्रमण नगन्य रुपमा बसोबास गरेको पाइन्छ । धर्ममा बढि हिन्दु धर्म मान्ने छन् भने बुद्ध र क्रिश्चियन धर्म मान्ने संख्या कमि छ । यस बस्तीमा बसोबास गर्ने मानिसहरुमा मजदुरी एवं ज्यालादारीमा काम गर्ने व्यक्तिमा प्राय दलित जातका व्यक्ति छन् भने बैदेशिक रोजगारमा जानेमा जनजातीको संख्या बढि पाइन्छ भने नोकरी एवं व्यपारमा क्षेत्री ब्राहमणका साथै केही जनजातीले पनि उक्त पेशा अपनाएका छन् । परिचय सहित उत्तरदाताहरूका केही मुख्य जनसाङ्ख्यिक विशेषताहरूको निम्नानुसार व्याख्या गरिएको छ ।

## ४.२ उत्तरदाताहरूका बसाइसराइ सम्बन्धीका जनसाङ्ख्यिकविशेषताहरू

### ४.२.१ बसाइसराइ गरी आउने महिला पुरुषको संख्याको विवरण

महिला पुरुषको यस शिवशक्ति टोलमा जम्मा २०५ घरधुरी भएकोमा जनसंख्याको स्थितीलाई हेर्दा जम्मा जनसंख्या ९५३ जना मध्ये पुरुषको संख्या ४८२ र महिलाको संख्या २७८ जना रहेका छन । १०२ घरधुरीलाई हेर्दा जम्मा जनसंख्या ५२१ रहेकोमा महिलाको संख्या २४३ र पुरुषको संख्या २७८ रहेको पाइयो ।

### ४.२.२ परिवार सदस्य सङ्ख्याको आधारमा बसाइँ सराइ

परिवारको आकारले पनि बसाइँ सराइ महत्वपूर्ण भूमिका खेल्दछ । जस्तैः धेरै सदस्य सङ्ख्या यसरी परिवारको आवश्यकता पनि धेरै यसरी ती आवश्यकता उद्‌गम स्थलमा पुरा गर्न कठिनाइ भएमा बसाइँ सराइको प्रकृति बढ्दछ । यसरी अनुरूप यस सर्वेक्षणमा पनि यस्तै प्रकृति पाइयो । जुन तालिकामा देखाइएको छ :

**तालिका ४.१**
**परिवार सङ्ख्याको वितरण**

| सि.नं. | परिवराको सदस्य सङख्या् | परिवार सङख्या् | प्रतिशत |
|---|---|---|---|
| १. | २ | ६ | ५.८८ |
| २. | ३-५ | ६६ | ६४.७१ |
| ३. | ६-८ | २० | १९.६१ |
| ४. | ८ बढी | १० | ९.८० |
| | जम्मा | १०२ | १०० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०७७

परिवारको सदस्य सङ्ख्याको आधारमा बसाइँ सराइ गर्नेहरू मध्ये सबै भन्दा बढी बसाइँ सराइ गर्नेहरू मध्ये ३-५ जनाको परिवार ६६ घरपरिवार बसाइँ सराइ गरेको देखिएको छ । यस अध्ययनमा सबै भन्दा कम परिवारको सङ्ख्या २ हुने ६ घरपरिवार देखिएको छ ।

तालिका अनुसार मध्यम (३-५) परिवार सङ्ख्याको आप्रवासन उच्च देखिनुको कारण वैदेशिक रोजगारी एवम अन्य स्रोतबाट प्राप्त आम्दानीबाट आय स्रोत बढ्न गएको र अन्यत्र

जस्तै यहाँ पनि लगानीको विकल्प भनेको घर जग्गा क्षेत्र मात्रै हुनु उदगम स्थलमा आधुनिक जीवन शैलीका लागि पर्याप्त व्यवस्था, पूर्वाधार नहुनु जस्ता कारण साथै सानो परिवार र एकल परिवार समेत रोजगारीको खोजीमा सहर पस्नु बसाइ सराइका मुख्य कारण हुन् ।

### ४.२.३ उत्तरदाताहरुको धर्म अनुसारको विवरण

**तालिका नं.४.२**

**उत्तरदाताहरुको धर्म**

| धर्म | घरधुरी | प्रतिशत |
|---|---|---|
| हिन्दु | ८२ | ८०.३९ |
| बौद्ध | १८ | १७.६५ |
| मुस्लिम | ० | ० |
| क्रिश्चियन | २ | १.९६ |
| अन्य | ० | ० |
| **जम्मा** | १०२ | १०० |

स्रोत :कार्य क्षेत्र अध्ययन २०७७

शोधकार्यको क्रममा अध्ययन क्षेत्रमा बसाइ सरेर आउनेहरूको धार्मिक अवस्थालाई निहाल्दा तालिकामा १०२ घरधुरी परिवारमा तथ्याङ्क गणना गर्दा ८० प्रतिशत हिन्दू र १७ प्रतिशत बौद्ध र १ प्रतिशत क्रिश्चियन धर्म मान्नेहरू देखियो र अन्य धार्मिक समुदायका मानिसहरू देखिएनन् । त्यसैले यस क्षेत्रमा हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्यता देखियो ।

विभिन्न जिल्लाबाट विभिन्न फरक धर्म, जाति, भाषा र मौलिकता भएका मानिसहरू यस क्षेत्र, टोलमा आएकाले पोखरा महानगरपालिका वडा नं. १५ विविधता युक्त संस्कृतिको संगम स्थलको रूपमा विकसित हुँदैछ । यो राम्रो कुरा भए तापनि स्थानीय मौलिकताको

भने लोप हुँदै गएको छ । विविधतालाई कायम राख्दै स्थानीय मौकिलतालाई संरक्षण गर्नु जरुरी छ ।

### ४.२.४ जातजातीको आधारमा उत्तरदाताको विवरण

**तालिका नं.४.३**

**जातजातीको विवरण**


| क.स. | जातजाती | घरधुरी |
|---|---|---|
| १. | दलित | ३२ |
| २. | जनजाती | ६४ |
| ३. | क्षेत्री | ५ |
| ४. | ब्राहमण | १ |
| **जम्मा** | | **१०२** |

स्रोत : कार्य क्षेत्र अध्ययन २०७७

माथिको तालिकामा १०२ घरधुरी मध्ये दलितको घरधुरी संख्या ३२, जनजाती घरधुरी संख्या ६४, क्षेत्रीको घरधुरी संख्या ५ ब्राहमणको घरधुरी संख्या १ रहेको पाइयो । उक्त टोलका १०२ घरधुरी मध्ये जातजातीको आधारमा बढि जनजातीको संख्या रहेको छ भने दलित दोश्रोमा पर्दछ ।

### ४.२.५अवधिका आधारमा बसाइसराइको प्रवृति

आर्थिक तथा सामाजिक विकासका लागी आवश्यक नितिनिर्माण गर्नका लागी समष्टिगत रुपमा मानिसहरुको प्रवाह कता छ भन्ने कुरामा पनि महत्वपूर्ण रहेको हुन्छ ।क्षेत्रगत रुपमा हुने यस्तो बसाइसराइले छोडेको तथा गएको दुवै स्थानमा प्रभाव पार्दछ । माथिको तालिकामा कुन समयका वा कहिले देखी कहिलेसम्ममा मानिसहरुको बसाइसराइ भएको हो यसमा कति घर धुरी कहिले बसाइसराइ गरी यो ठाउँमा आएका हुन सो विषयलाई तालिका द्धारा पुष्टि पार्न खोजिएको छ ।




स्रोत :कार्य क्षेत्र अध्ययन २०७७

वि.सं. २०३० साल अधि कुनै पनि घरधुरी बसाइसराइ गरेको देखिदैन । भने २०३० देखी २०४० को विचमा ५ घरधुरीका व्यक्ति यो स्थानमा बसाइसराइ गरी आएको पाइन्छ । २०४० देखी २०५० सम्ममा ४० घरधुरीका मानिसहरु आएको पाइन्छ भने २०५० देखी

२०६० सम्ममा २५ घरधुरीका व्यक्तिहरुले बसाइसरेको पाइन्छ त्यसै गरी २०६०- २०७० सम्ममा ३२ घरधुरीबाट बसाइसरेका रहेछन् भने २०७० देखी यता बसाइसराइ गरेर आएको पाइदैन ।यसर्थ २०४० देखी २०५० भित्र सबै भन्दा बढि ४० घरधुरीका व्यक्तिहरु बसाइसरी आएको पाइन्छ भने सबै भन्दा न्यून संख्यामा २०३० देखी २०४० को विचमा ५ घरधुरीले बसाइसरी आएको पाइन्छ भने २०३० अघि र २०७० पछि बसाइसराइ गरी आएको पाइदैन।

### ४.२.६पेशामा संलग्न उत्तरदाता

मानिस बाँच्नका लागि आयआर्जन गर्नु जरुरी छ । यस्तो आयआर्जन विभिन्नपेसामा लागेर गर्न सकिन्छ । हाम्रो देश नेपाल एक अविकसित देश मानिन्छ । जहाँ पेसाकोविशिष्टीकरण पाइदैन किनभने एउटा मानिसले दैनिक रूपमा एउटा काम गरेर मात्र उसकोजीविकोपार्जन गर्न कठिन छ । उसले एक दिनमा धेरै किसिमका काम गर्नु पर्दछ । जस्तैःकृषिको साथमा नोकरी, ज्याला मजदुरी आदि उत्तरदाताले हाल निम्न पेशा अपनाइ आफ्नो दैनिकी निर्वाह गरेको पाइयो जुन तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.४.४**

**पेशामा संलग्न उत्तरदाता**

| **पेशा** | **परिवार संख्या** | **प्रतिशत** |
|---|---|---|
| नोकरी | १८ | १७.६५ |
| उद्योग | ० | ० |
| व्यापार | २३ | २२.५५ |
| श्रमिक/मजदुर | २८ | २७.४५ |
| अन्य | ३३ | ३२.३५ |
| **जम्मा** | १०२ | १००.०० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०७७

शहरमा गाउँको तुलनामा रोजगारीका अवसरहरू धेरै हुन्छन् । विभिन्न साना तिना पेसाहरूमा पनि संलग्न हुन पाइने भएको हुनाले मानिसहरू उद्गम स्थल छाडेर शहरमा बसाई सर्दछन् । उद्गम स्थलबाट शहरमा बसाइँ सराइ गर्नेहरूमा सबै भन्दा धेरै अन्य पेशा

गर्नेमा रहेका छन् यसमा बैदेशिक रोजगार,पेन्सन र व्यवसायलाई राखिएको छ जसमा कृषि व्यवसाय गर्ने, कुखरापालन, आदी वैदेशिक रोजगारमा १० जना रहेका छन् तिनीहरु पनि प्राय जनजाती पर्दछन् भने अन्य पेशा अन्तर्गत पेन्सन बुझ्ने व्यक्ति रहेकालाई लिइएको छ जसमा १५ जना  रहेको छन् भने व्यवसाय गर्नेमा ८ रहेको पाइएको छ ।

मजदुरी वा श्रमिक पेशा गर्ने २८ जना रहेका छन् भने व्यापार २३ जना गरेको पाइयो जसमा किराना पसल, फलफुल तरकरी बेच्ने, खानेपानी बोरिङ्ग संचालन आदी । नोकरी गर्ने १८ जना जसमा सरकारी कार्यालयमा काम गर्ने २ जना संघ संस्थामा जागिर गर्ने १६ जना रहेको पाइएको छ । उद्योग गर्नेमा कोही पनि छैन । यसरी पोखरा महानगरपालिका वडा नं १५ को शिवशक्ति टोलमा बसाइ सरेर आउने १०२ घरधुरी मध्येमा धेरै जसो अन्य पेशामा संलग्न र थोरैमा नोकरीममा संलग्न भएको र यहाँ उद्योगमा कोही संलग्न नभएको पाइयो ।

# अध्याय :पाँच

## आप्रवासीका कारणहरु

### ५.१ आप्रवासी खोज

पोखरा-१५, शिवशक्तिटोलमा आप्रवासी खोजी गर्नु यस अध्ययनको उदेश्य रहेकाले निम्न विषयवस्तु माथि जानकारी प्राप्त गर्नलाई आप्रवासी खोज गरिएको छ ।

### ५.१.१ उत्तरदाताको उद्गम जिल्ला

यस शिवशक्ति टोलमा कुन कुन स्थानबाट आप्रवासी आप्रवासको लागी आएका हुन अन्तरर्वाता सूचिबाट प्राप्त गरिएका तथ्याङ्कहरूका आधारमा निम्न जिल्लाबाट आप्रवासी यस पोखरा १५, शिवशक्तिटोलमा आएको पाइयो । विभिन्न उद्गम स्थल एवं जन्मथलोबाट मानिसहरु बसाइसरेको हुँदा यस सर्वेक्षणको क्रममा पनि निम्न अनुसारको विवरण भएको पाइयो जुन तल तालिकामा देखाइएको छ ।

तल तालिकामा सबै भन्दा बढि कास्की जिल्लाका विभिन्न स्थानबाट मानिसहरु आन्तरिक बसाइसराइ गरेको पाइन्छ जसमा ३६ घरधुरी त्यसपछि स्याङ्गजाबाट ३३ घरधुरी ,पाल्पाबाट ७ घरधुरी ,लमजुङ्गबाट ७ घरधुरी , तनहुँबाट ५ घरधुरी, म्याग्दीबाट २ र दाङ्ग, दोलखा, खोटाङ्ग र नवलपरासी बाट १/१ घरधुरी बसाइसराइ गरेका छन् । यसरी शिवशक्ति टोलमा विभिन्न सुधिवा प्राप्त गर्न मानिसहरू गाउँ छाडेर आएको पाइयो ।

| जिल्ला | घरधुरी | घरधुरी प्रतिशत |
|---|---|---|
| बाग्लुङ्ग | २ | १.९६ |
| चितवन | २ | १.९६ |

| | | |
|---|---|---|
| दाङ्ग | १ | ०.९८ |
| दोलखा | १ | ०.९८ |
| गोरखा | ४ | ३.९२ |
| कास्की | ३६ | ३५.२९ |
| खोटाङ्ग | १ | ०.९८ |
| लमजुङ्ग | ७ | ६.८६ |
| म्याग्दी | २ | १.९६ |
| नवलपरासी | १ | ०.९८ |
| पाल्पा | ७ | ६.८६ |
| स्याङ्गजा | ३३ | ३२.३५ |
| तनहुँ | ५ | ४.९० |
| **जम्मा** | १०२ | १०० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०७७

### ५.२ आप्रवासी हुनुको कारण

पोखरा-१५ मा भएका निम्निलिखित आकर्षणका तत्वहरूले गर्दा सम्भावित सरुवालाई गन्तव्य स्थान शहरले आकर्षित गरेको पाइन्छ । यस क्षेत्रमा व्यपार , व्यवसायको लागी फराकिला ठाउँ हुनु , रोजगारीको लागी औधोगिक क्षेत्र जस्ता ठूल ठूला क्षेत्र स्थान दुरीको हिसावले नजिकै रहेको , यातायातको लागी सडक व्यवस्थित एवं सवारी साधन पाउनलाई धेरै हिड्न नपर्ने , प्राकृतिक मनोरम स्थानलाई सजिलै दृश्यावलोकन गर्न सकिने जस्ता सम्भावना प्रसस्त हुनु यस क्षेत्रमा सामाजिक तथा धार्मिक रुढिवादीको सम्भावना कम हुनु, यस क्षेत्रमा ज्यालाको उच्चदर, स्वास्थ्य, शिक्षा, आवास तथा प्राविधिक प्रशिक्षणको सुविधा, खाद्यन्नका पूर्तिमा सरलता, मनोरञ्जनका साधनहरूको प्रशस्त पर्याप्तता, योग्यताको राम्रो र सही कदर हुने सम्भावना, यातायातको सर्वसुलभता, व्यापार व्यवसायको सम्भावना बढी हुनु, प्रतिभा निर्माणको अवसर बढी हुनु, शान्ति सुरक्षाको राम्रो व्यवस्था हुनु, आदि । खास गरी यस क्षेत्रमा सुरक्षा बढी हुने, रोजगारीको अवसर बढी हुने, स्वास्थ्यपोचारको सुविधाहरू मनोरञ्जनका साथै यातायात सञ्चार शिक्षा, खानेपानी, विद्यालय आदिको प्रयाप्तता र समुचित विकास आदि आकर्षक तत्वहरूले आप्रवासीहरु सहरतर्फ आकर्षित गरेको पाइन्छ । कतिपय पहाडी तथा

तराईमा विभिन्न उद्‍गम स्थलहरूबाट सहरमा बसाइँ सराइ गर्ने प्रवृति औद्योगिकरण सँगै सुरुवात भयो। नेपालको इतिहासमा उद्‍गम स्थलबाट सहरमा बसाइँ सराइको इतिहास बुझ्नलाई विभिन्न समयमा भएका जगनणनाको सहायताबाट बुझ्न सकिन्छ । कृषि र उद्योगधन्दा पछि रोजगारी प्रदान गर्ने अन्य क्षेत्रहरूमा सरकारी सेवा, प्रहरी, शिक्षक, प्राध्यापक, आदि जस्ता सेवाहरू हुन्। त्यस्ता सेवा प्राप्त गर्न सकिने क्षेत्र भएकाले रोजगारी प्राप्तिका लागि मानिसहरू उद्‍गम स्थलबाट सहर तर्फ बसाइँ सराइ सर्ने गर्दछन्। विभिन्न संघ, संस्था, वित्तिय संस्थाहरू, एन.जि.ओ, आइ.एन.जि.ओ लगायतका रोजगारी प्रदान गर्न सक्ने कार्यालय तथा संस्थाहरू पोखरा महानगरपालिका केन्द्रित हुने भएकाले रोजगारीको सवालमा हुने बसाइँ सराइ ग्रामीण क्षेत्रबाट यस क्षेत्रतर्फ हुने गर्दछ

**तालिका नं. ५.२ आप्रवासीको कारण**

| क्र.स. | कारण | | परिवार सङ्ख्या् | प्रतिशत |
|---|---|---|---|---|
| | | रोजगारी | १० | ९.८० |
| | | सरकारी वा निजी सेवा | ८ | ७.८४ |
| | | खेतीबाट पालिन नसक्ने | १५ | १४.७१ |
| १ | आर्थिक | ऋण | ४ | ३.९२ |
| | | बेवाहिक | ४ | ३.९२ |
| | | आफन्त | ५ | ४.९० |
| | | भविष्य | ७ | ६.८६ |
| २ | सामाजिक | साथी तथा छिमेकी | ११ | १०.७८ |
| | | भुकम्प | ० | ०० |
| | | बाढि | २ | १.९६ |
| ३ | प्राकृतिक | रोग | ० | ० |
| ४ | राजनैतिक | असुरक्षा | २ | १.९६ |
| | | शिक्षा | ५ | ४.९० |
| | | सन्तानको शिक्षा | १३ | १२.७५ |
| | सुविधा प्रति | स्वास्थ्य सुविधा | १ | ०.९८ |
| ५ | आकर्षण | सानो ठूलो नोकरी | १३ | १२.७५ |

| | | | | |
|---|---|---|---|---|
| | | विद्युत | ० | ० |
| | | परिवार संख्या वृद्धि | २ | १.९६ |
| ६ | अन्य | अरु केही भए | ० | ० |
| **जम्मा** | | | १०२ | १०० |

श्रोत : कार्य क्षेत्र अध्ययन २०७७

बसाइसराइ अबको क्रममा मुख्य जानकार व्यक्तिसँग एवं उत्तरदाताको अन्तर्वार्ता, अवलोकबाट प्राप्त गरिएका तथ्याङ्कहरूका आधारमा यस अध्ययनका उत्तरदाताहरूले आफ्नो उद्गम थलो छाड्नु पर्नाका कारणहरूलाई यस प्रकार व्याख्या एवम् विश्लेषण गरिएको छ । उद्गम स्थलबाट सहरमा बसाइँ सराइको कारण जान्नको लागि आर्थिक, सामाजिक, प्राकृतिक गरी ६ वटा समूह बनाई प्रश्न सोधिएको थियो ।

### ५.२.१ आर्थिक

कुनै पनि मानिस वा परिवारलाई एक ठाउँबाट अर्को ठाउँमा, उद्गम स्थलबाट शहरमा पहाडबाट तराईमा बसाइँ सराइ गराउने विभिन्न कारणहरू मध्ये आर्थिक कारण पनि एक महत्वपूर्ण तत्व हो । बसाइसराइका विभिन्न कारण मध्ये आर्थिक कारणले ३७ घर परिवार, सामाजिक कारणले २७ घर परिवार, प्राकृतिक कारणले २ घरपरिवार, राजनैतिक कारणले २ घरपरिवार सुविधाको कारणले ३२ घरपरिवार अन्य कारणले २ घर परिवारले बसाइसराइ गरेको पाइन्छ । आर्थिक बसाइसराइको कारणलाई हेर्दा खेतीको आम्दानले परिवार पाल्न सम्भव नभएकोले १५ जना , रोजगारी पाउने बढि अवसर हुनाले १० , सरकारी सेवा अथवा निजी सेवा सेवाले ८ ,अवस्थालाई हेर्दा सबै भन्दा बढि आर्थिक कारणले गर्दा बसाइसराइ गरेको पाइन्छ  साहुको ऋण बढि भएकाले ४ घरधुरी बसाइसराइ गरेको पाइन्छ  पोखरा-१५, फलेपाटन क्षेत्रमा शोधका क्रममा प्रश्न गर्दा उत्तरदाताहरूबाट पनि मजबुत आर्थिक अवस्थामा पुग्ने उद्देश्य राखी बसाइ सराइ गरेको पाइयो ।

आर्थिक कारणमा सबै भन्दा बढि घर परिवार आफ्नो खेतीबाट परिवार पाल्न नसकेर बसाइसरेका देखिन्छन् । जसमा १५ घर परिवार रहेका छन् । सरकारी र निजी सेवाको लागी ८ घरपरिवारका सदस्यहरु बसाइसराइ गरेका पाइयो । माथिको तालिकामा गाउँ छाडी सहरमा बसाइ सराइ गर्नुका कारणहरू प्रस्तुत गरिएको छ । तालिका अनुसार जम्मा ६ शीर्षकमा वर्गीकरण गरिएको छ जसमध्ये आर्थिक कारण सबै भन्दा ठुलो बसाइ सराइ गर्नु

पर्ने कारण देखियो जसमा सबै भन्दा धेरै आफ्नो खेतीबाट परिवार पाल्न नसकेर बसाइसरेका पाइयो जसमा १५ घर परिवार रहेका छन सामाजिक कारण मध्ये साथी तथा छिमेकीको संगतले ११ घर परिवारका मानिसहरु बसाइ सरेको पाइयो भने प्राकृतिक कारणमा बाढिको कारणबाट २ घर परिवार बसाइसराइ गरेका पाइयो । उद्गम स्थलबाट शहरमा बसाइँ सराइ गर्नेहरू मध्ये अत्याधिक सङ्ख्या चाहिँ शहरमा प्राप्त हुन सक्ने आर्थिक कारणले पाइन्छ जसमा खेतीबाट हुने आम्दानीबाट परिवार सन्तान पाल्न नसकेर आएको र यस पोखरा महानगरको १५ वडाको शिवशक्ति टोलमा बसाइसराइ गरेर आएका व्यक्तिहरु अर्थतन्त्र , सामाजिक ,राजनैतिक , प्राकृतिक विविध पक्षमा आफ्नो र परिवारको सुनौलो, राम्रो भविष्य एवं सुख सम्पन्न सहित आफ्नो भुमि माथिको स्वामित्व कायम गर्नको लागी बसाइ सराइ गरेर आएका पाइन्छ ।

### ५.२.२ सामाजिक

सामाजिक कारण : साथी तथा छिमेकीको कारणबाट ११, भविष्यको राम्रो सम्भावनामा ७, आफन्तहरुसँगै बस्न ५, बैवाहिक कारण वा शहरतिर विवाह भएकाले ४ घर परिवार बसाइसर्नुको कारण पाइयो ।

बसाइँ सराइमा प्रभाव पार्ने विभिन्न सामाजिक तत्वहरू मध्ये विवाहलाई महत्वपूर्ण मानिन्छ । विवाह पश्चात महिलाहरू पतिको घरमा जान्छन् र पुरुषहरू बसाइ सराइ गरेपछि महिलाहरू सोही स्थानमा जानुपर्ने हुन्छ ।

त्यसै गरी कतिपय उत्तरदाताहरू अन्य उद्गम स्थानबाट विवाहको माध्यमबाट शिवशक्ति टोलमा आई बसोबास गर्नु जस्ता कारणले बसाइ सराइ गरेका छन्। सामाजिक कारण मध्ये साथी तथा छिमेकीको संगतले ११ घर परिवार बसाइसराइ गरेका र वैवाहिक कारणले ४ घरपरिवारले बसाइसराइ गरेका पाइयो ।

### ५.२.३ प्राकृतिक

प्राकृतिक कारण पनि बसाइँ सराइको प्रमुख तत्व हो । भूक्षय साथै बाढी पहिरोको हिसाबले सुरक्षित मानिएको स्थान भएकोले मानिसहरू यस ठाउँमा बसाइ सराइ गरेर आएका छन् । प्राकृतिक कारणमा बाढिको कारणबाट २ घर परिवार बसाइसराइ गरेका पाइयो ।

### ५.२.४ राजनैतिक

राजनैतिक कारणमा आफ्नो असुरक्षा र उदगम स्थलमा सुरक्षा महसुस नभएकोमा २ जना घर परिवारले बसाइसराइ गर्न पुगेका भेटियो ।

### ५.२.५ सुविधा प्रति आकर्षित भएर

बसाइ सराइ गरेका मध्ये सबै भन्दा बढि सन्तानको शिक्षा र  सानो ठूलो नोकरी पाइने आशाले १३/१३ घर परिवारका सदस्य बसाइ सराइ गरेको, आफ्नो शिक्षा प्रतिले ५ जना घर परिवार बसाइसराइ गरेको पाइयो भने स्वास्थ्य सुविधाले सब भन्दा कम १ घर परिवार बसाइसराइ गरेको पाइयो ।

### ५.२.६ अन्य सुविधा

अन्य सुविधा प्रति आकर्षित भएर पनि मानिसहरु बसाइसराइ गरेको पाइन्छ । परिवारको सङ्ख्या वृद्धिले २ घर परिवार बसाइसराइ गरेका पाइयो ।

### ५.२.७ स्थान रोज्नु

अध्ययनको क्रममा उत्तरदाताले यसै स्थान रोज्नु वा खोजी गर्नुका निम्न कारण रहेको पाइयो ।


५६ घरधुरीका मानिसहरु आफूलाई पायक पर्ने हुँदा यस स्थानमा बसाइ सरेको पाइयो भने आफन्त भएर १४, यो स्थान रमणिय लागेर ८, सुविधा युक्त स्थान भएर २२ र अन्य कारणले २ घरधुरी बसाइस सरेको पाइयो ।

### ५.३. आप्रवास र मानव विकास

यस शिवशक्तिटोलमा आप्रवासी खोजी गर्नुको अर्को कारण आप्रवास पश्चात मानविय विकास पनि एक महत्वपूर्ण रहेको हुन्छ । कुनै व्यक्ति आफ्नो उद्गमस्थल छोडेर बसाइसराइ गर्नु भनेको सुख, शान्ती, संमृद्धि र विकासको लागी नै हो । मानविय विकासले त्यस स्थानको समाज विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ भने समाजको विकासले मानविय विकासमा टेवा दिएको हुन्छ यसरी समाज र व्यक्ति भनेको एक अर्काका परिपुरक हुन जब समाजले विकासको गति लिन्छ स्वभाविकै मानविय विकासमा परिवर्तन ल्याएको हुन्छ । कुनै पनि समाजको विकास भन्नु त्यस समाजमा रहने व्यक्तिको विकास हो । बसाइसराइले मानविय विकासमा प्रभाव पार्दछ । मानविय विकास भन्नु नै मानिसको चेतना, क्षमता अभिवृद्धि साथै ज्ञान हासिल गर्नु हो । त्यसको लागी व्यवहारिक ज्ञान साथै सैद्धान्तिक ज्ञान हासिल गर्नु नितान्त आवश्यक छ । शिक्षा हासिल गर्नु , सचेतना हुनु ।

जब मानव हरेक  पक्षमा सकरात्मक ढगबाट विकासको लागी अगाडि बढ्छ तब मात्र उसको विकास हुन्छ । नकरात्मक धारणले प्रगतिको पाइला चाल्न सकिदैन । आप्रवासमा मानविय विकासको महत्व अग्रस्थानमा रहेको हुन्छ । एउटा असल समाजको लागी समूदायमा बस्ने व्यक्ति असल कर्तव्य निष्ठ र इमान्दारीको साथै चेतनशिल, ज्ञान हासिल भएको हुनुपर्छ आप्रवासले मानव विकासमा भूमिका खेलेको हुन्छ उत्तरदातासँग यस विषयमा सोध्दा आफूहरुको बसाइपूर्व भन्दा अहिले  मानविय विकास भएको अनुभूती बटुलेको पाइयो जसमा शैक्षिक स्थितीलाई चित्रबाट यसरी प्रस्तुत गरिएको छ ।

**५.४उत्तरदाताको शैक्षिक स्थिति**




श्रोत : कार्यक्षेत्र अध्ययन २०७७**चित्र नं २**

बसाइँ सराइ गर्नेहरूमा आधारभूत तहमा महिलाको तुलनामा पुरुषको संख्या बढि भएको पाइन्छ । महिला ११९ जनाले आधारभूत तह र पुरुष १३९ जना आधारभूत तह र माध्यमिक तहलाई हेर्दा पनि पुरुषको संख्या बढि पाइन्छ ८२ जना पुरुष माध्यमिक तह र ४६ जना महिला माध्यमिक तह हासिल गरेका छन् । स्नातक तहलाई हेर्दा पुरुष भन्दा महिलाको संख्या बढि रहेको छ जसमा महिला ७ जना छन् भने पुरुष ३ जना रहेका छन् । स्नाकोत्तर तहलाई निहाल्दमा जम्मा २ जना महिलाले स्नाकोत्तर तह र १ जना पुरुषले  स्नाकोत्तर पढेका रहेछन् । निरक्षरलाई हेर्दा पुरुषको तुलनामा महिला निरक्षरको संख्या बढि रहेको

पाइन्छ । यसरी उक्त टोलमा बसाइसराइ गर्नेहरू मध्ये धेरै पुरुषको सङ्ख्या मा.वि. पढ्ने र महिलाहरु साक्षर मात्र रहेको पाइयो ।

माथिको तालिका अनुसार बसाइ सराइ गर्नेमा औपचारिक शिक्षा प्राप्त गरेका यक्तिहरू अत्याधिक रहेको हुनाले उनीहरू  अवसरहरूको लागि बसाइ सराइ गरेको देखिन्छ । जसको कारण गन्तव्य क्षेत्रमा रोजगारीमा धेरै प्रतिस्पर्धा हुने र उदगम स्थलमा दक्ष जनशक्तिको अभाव हुने देखिन्छ । त्यसैले सबै क्षेत्रमा अवसरहरूको समूचित वितरणको लागी  आवश्यक छ । त्यसको सँगसँगै नागरिकहरु पनि जुजारु हुन नितान्त आवश्यक छ ।

# अध्याय :छ

## आप्रवासलाई प्रभाव पार्ने तत्वहरुको पहिचान

### ६.१.आप्रवासका पहिचान

अबको क्रममा मुख्य जानकारहरूसँगको अन्तर्वार्ता, अवलोकन र अन्तरर्वाता सूचिबाट प्राप्त गरिएका तथ्याङ्कहरूका आधारमा पोखरा-१५ मा भएका विविध आकर्षणका तत्वहरूले गर्दा आप्रवासीहरुलाई आकर्षित गर्ने गरेको पाइन्छ । खास गरी यस क्षेत्रमा समशितोष्ण हावापानी, प्राकृतिक मनमोहक दृश्यको अवलोकन, रोजगारीको प्रशस्त अवसर बढी हुने, स्वास्थ्यपोचारको सुविधाहरू मनोरञ्जनका साथै यातायात सञ्चार शिक्षा, खानेपानी, विद्यालय आदिको प्रयाप्तता र समुचित विकास आदि आकर्षक तत्वहरूले आप्रवासीहरु सहरतर्फ आकर्षित गरेको पाइन्छ । बसाइँ सराइको इतिहास बुझ्नलाई विभिन्न समयमा भएका जगनणनाको सहायताबाट अझ विस्तृत रुपमा जानकारी पाउन र बुझ्न सकिन्छ । कृषि र उद्योगधन्दा पछि रोजगारी प्रदान गर्ने अन्य क्षेत्रहरूमा सरकारी सेवा, प्रहरी, शिक्षक, प्राध्यापक, आदि जस्ता सेवाहरू हुन्। त्यस्ता सेवा प्राप्त गर्न सकिने क्षेत्र भएकाले रोजगारी प्राप्तिका लागि मानिसहरू उद्गम स्थलबाट सहर तर्फ बसाइँ सराइ सर्ने गर्दछन्। विभिन्न संघ, संस्था, वित्तिय संस्थाहरू, एन.जि.ओ, आइ.एन.जि.ओ लगायतका रोजगारी प्रदान गर्न सक्ने कार्यालय तथा संस्थाहरू यस पोखरा महानगरपालिका केन्द्रित हुने भएकाले मानिसहरु यस क्षेत्रलाई आप्रवासको रुपले केन्द्रित गरेको पाईन्छ ।

अध्ययनको क्रममा आप्रवासलाई प्रभाव पार्ने तत्वको पहिचान गर्दा निम्नानुसारको पहिचान उत्तरदाताहरुसँगबाट लिन सकियो ।

#### ६.१.१. नाता इष्टमित्र

बसाइसराई गरेर आउनु अघि यस स्थानमा आफ्ना नातेदार एवं साथी भाई थिए की थिएनन् भनि उत्तरदातालाई अध्ययनको क्रममा सोध्दा ८२ घर परिवारले भएको र २० घर परिवारले नभएको बताएका थिए । यसर्थ बसाइसराइको सन्दर्भमा नाता एवं साथी भाइ इष्टमित्रले बसाइसराइको लागी आकर्षण गरेका हुन्छन् यसलाई पनि बसाइसराइको आकर्षण मान्न सकिन्छ । शहरी बसाइसराइलाई नातेदार इष्टमित्रले सकरात्मक प्रभाव पारेको हुन्छ ।

### ६.१.२ जग्गाजमिन

जग्गा जमिनले पनि बसाइसराइमा प्रभाव पारेको हुन्छ । अध्ययनको क्रममा उद्गम स्थलमा आफ्नो नाउँमा जग्गा नभएको घरधुरी संख्या ४० र आफ्नो नाउँमा जग्गा जमिन भएको घरधुरीको संख्या ६२ पाइयो । जग्गा नभएका ४० जना मध्ये २१ जनाले आफ्नो अंशको जग्गा बिक्रि वितरण गरेका, ७ जनाले दाजु भाईलाई नै छाडेर आएका, ६ जनाको अंशवण्डा गर्न जमिन प्रशस्त नभएको र ६ ले आमा बाबुलाई नै छाडेका पाइयो । बसाइसराई पूर्व आफ्नै जग्गा कमाउने ४१, अरुको कमाउने २० र आफ्नो र अरुको समेत जग्गा कमाउने (दुवै) ३६ जना रहेको पाइयो । बसाइपुर्व खेती गर्ने ९७ घरपरिवार मध्ये १४ घर परिवारले आवश्यकता पुरा हन्थ्यो भने ८३ घर परिवारको आवश्यकता पुरा नभएको पाइयो ।

अध्ययनको शिलसिलामा यस वस्ती सुकुम्वासी वस्ती भएकाले घरसार कागजद्धारा कम मूल्यमा जमिन पाइने र शहरी सुविधा पाउन सकिने र हाल सरकारले भूमिसम्बन्धी समस्या समाधानको लागी स्थानिय निकायमा समिति गठन भई प्रक्रिया रहेको छ जसले गर्दा भूमिहिन व्यक्तिलाई जग्गा प्राप्त हुने अवसरले गर्दा पनि यस वस्तीमा जग्गाजमिन प्राप्त गर्न सकिन्छ की भनि अप्रवासीहरु आप्रवासनको लागी आएको तथ्यता खुल्न आउँछ ।

### ६.१.३ धर्म

समाजमा विभिन्न जातजाती र फरक-फरक धर्म संस्कृती मान्ने मानिसहरुको बसोबास रहेको पाइन्छ । यि फरक -फरक धर्म संस्कृति मान्ने मानिसहरु विच धार्मिक सहिष्णुता रहेको छ । धार्मिक संरचनाले कुनै पनि ठाउँ वा मुलुकका कुन धर्मका मानिसहरु के कति रहेका छन् पहिचान गर्न सकिन्छ प्रत्येक स्थानमा विभिन्न जातजाती र धर्मालम्बी रहेका हुन्छन् । यिनीहरुको आफ्नै भाषा, संस्कृति र रहनसहन भएको पाइन्छ । उद्गमस्थलमा मान्ने धर्म संस्कृतीलाई गन्तव्यस्थलमा पनि संरक्षित गर्नु आवश्यक छ । यहाँ विभिन्न जिल्ला, स्थानबाट आइ बस्न थालेका कारण यहाँ हाल बहुधार्मिक समाजको विस्तार हुँदै गएको छ । कुनै पनि समाज परिवर्तनमा त्यहाँ बसोबास गर्ने जातजाती र उनीहरुले मान्ने धर्मले प्रभाव पारेको हुन्छ । कुनै मानिस बसाइसराइ गर्नु पुर्व त्यस स्थानमा कुन कुन जातीको र कुन कुन धर्म मान्ने मानिसहरु बस्दछन् त्यस पक्षलाई मध्यनजर गरी आफ्नो बासस्थान परिवर्तन गरेको पाइन्छ । अध्ययनको क्रममा यस शिवशक्ति टोलको १०२ घरधुरी मध्ये हिन्दु धर्म मान्ने घरधुरी संख्या ८२ , बौद्ध धर्म मान्ने १८ र क्रिश्चियन धर्म मान्ने २

घरधुरी रहेको पाइयो । जातजातीमा जनजातीको बाहुल्यता उल्लेखनिय रहेको पाइन्छ जसमा ६४ घर परिवार रहेका छन्  भने दलितको ३२ घरपरिवार , क्षेत्री ५ घरपरिवार र ब्राहमणको १ घरपरिवार रहेका छन ।

### ६.१.४जातिगत

आप्रवासको लागी जातिगतले पनि प्रभाव पारेको देखिन्छ । मानिसहरु आफ्नो जातिसँग रहनसहन संस्कृति , भेषभुषा साथै रितिवाज र संस्कृति मिल्ने र संरक्षणको जगेर्नाको लागी अगाडि बढेको पाइन्छ । जस्तै भेडाको बथानमा भेडा , गाइको बथानमा गाई र जुवाडेको साथी जुवाडे , फटाहाको साथी फटाहा हुन्छ भन्ने यथार्थता रहेको उखानलाई आत्मसाथ गर्दै मानिसहरु आफ्नो जातीको उतिकै माया र स्थान दिने गरेको तथ्यता हाम्रो समाज सहित हामीमा अझ पनि रहिरहेको पाइन्छ । तर जातिय अपहेलना गरेको भने होइन अध्ययनको क्रममा उत्तरदातासँगको जातीगत विश्लेषणलाई यसरी तालिकाद्धारा देखाइएको छ ।

**तालिका नं.६.१**

**जातीगत विवरण**

| **क.स.** | **जातजाती** | **घरधुरी** |
|---|---|---|
| १. | दलित | ३२ |
| २. | जनजाती | ६४ |
| ३. | क्षेत्री | ५ |
| ४. | ब्राहमण | १ |
| **जम्मा** | | **१०२** |

स्रोत : कार्य क्षेत्र अध्ययन २०७७

माथिको तालिकामा १०२ घरधुरी मध्ये दलितको घरधुरी संख्या ३२, जनजाती घरधुरी संख्या ६४, क्षेत्रीको घरधुरी संख्या ५ ब्राहमणको घरधुरी संख्या १ रहेको पाइयो । उक्त टोलका १०२ घरधुरी मध्ये जातजातीको आधारमा बढि जनजातीको संख्या रहेको छ भने दलित

**६.१.५ निराशा :** पुरानो ठाउँमा विभिन्न कारणले निरास भई मानिसहरु आप्रवास गरेको पाइन्छ अध्ययनको क्रममा ४० घरपरिवारको जग्गाजमिन नभएको कारण अरुको जग्गाबाट अधिया गरी आएको खेतीपातीबाट घरपरिवार पालिन नसकेर बसाइआएको पाइयो ।

### ६.१.६.सुविधा प्रति आकर्षित भएर


बसाइ सराइ गरेका मध्ये सबै भन्दा बढि सन्तानको शिक्षा र  सानो ठूलो नोकरी पाइने आशाले १३/१३ घर परिवारका सदस्य बसाइ सराइ गरेको , आफ्नो शिक्षा प्रतिले ५ जना घर परिवार बसाइसराइ गरेको पाइयो भने स्वास्थ्य सुविधाले सब भन्दा कम १ घर परिवार बसाइसराइ गरेको पाइयो ।

### ६.१.७ .पूर्वाधार विकास

कुनै पनि देशका नागरिकहरुको जीवन सहज रुपमा संचालन गर्नका लागी आवश्यक आधारभूत सेवा सुविधा स्थापित संरचनाहरुको समष्टी नै विकासका पूर्वाधार भएको हुँदा शोध अध्ययनको क्रममा आप्रवासीहरुको आफ्नो जन्मथलोमा पुर्वाधारका विकास जस्तै सडक/यातायात , विद्युत, खानेपानी, संचार, सामुदायिक भवन आदी सम्बन्धमा आधारित भएर उत्तरदातासँग अन्तर्वाता अनुसुचि भर्दा तलको चित्र नं. ३ बमोजिम विकासले गति लिएको पाइयो । भने यस क्षेत्रमा पुर्वाधार विकासको गति क्रमिकरुपले अघि बढको हुँदा बसाइसराइ गर्नेको संख्या बढ्दै गएको छ ।

चित्र नं. ३

पूर्वाधार विकास




श्रोत : कार्य क्षेत्र अध्ययन २०७७

कुनै पनि देशका नागरिकहरुको जीवन सहज रुपमा संचालन गर्नका लागी आवश्यक आधारभूत सेवा , सुविधा र स्थापित संरचनाहरुको समष्टी नै विकासका पुर्वाधारहरु हुन । भौतिक संरचना, सांगठिक संरचना र नागरिक केन्द्रित सेवाहरु जुन समूदाय संचालनको लागी अत्यावश्यक रहन्छ । मानिसहरु आफ्नो आवश्यकता पुरा गर्न एवं सुख शान्ती समृद्धिको लागी बसाइ सराइ गर्दछन् ।विकासका पूर्वाधारहरु मध्ये सडक/यातायात, विद्युत , खानेपानी, संचार र सामुदायिक भवनको बारे अध्ययन गरिएको छ ।

अध्ययनको क्रममा बसाइ पुर्व सडक यातायातको सुविधा प्राप्त गरेका घर धुरीमा ३६ घरधुरीले सुविधा पाएको पाइन्छ भने पछिल्लो समयमा १०२ घरधुरीका परिवारले यातायात एवं सडकको सुविधा हुने हुँदा बसाइसरेको भनेका छन् । बसाइसराइ पूर्व विद्युत उपभोग गर्ने घरपरिवार संख्या २४ र पछि १०२ परिवारले नै विद्युतको सुविधा प्राप्त गरेको पाइन्छ । खानेपानीको सुविधा पनि बसाइपुर्व ९१ घरपरिवारले बसाइपछि १०२ घरलाई खानेपानीको व्यवस्था भएको पाइन्छ । संचारमा बसाइसराइ पुर्व २० घरधुरी र पछि १०२ ले नै

संचारलाई उपभोग गरेको पाइन्छ भने ६३ घरपरिवारको आफ्नो गाउँ, टोलमा सामुदायिक भवनको व्यवस्था भएको पाइन्छ भने हाल १०२ घरपरिवारबाट आफनो बस्तीमा सामूदायिकभवन रही उपभोग गरेको पाइयो ।

### ६.१.८ . विविधतामा एकता

विभिन्न स्थानबाट मानिसहरु आई बसेको र यस वस्तीमा विभिन्न जातजाती ,धर्मालम्बीहरु ,विविध भाषाभाषीहरु र संस्कृति बोकेका मानिसहरु एउटै थलोमा वा क्षेत्रमा बसोबास गरेका छन् एकले अर्काको आरोप आक्षेप लगाएका छैनन् मिलीजुली सामूदायिक क्रियाकलापमा जुटेका छन तसर्थ विविधतामा एकता भएको पाइन्छ । अध्ययनको क्रममा १०२ घरधुरीले नै मिलिजुली बसेको , त्यही अनुसार समाज घर बनेका अभिव्यक्ति दिएका थिए ।

### ६.१.९ .सामाजिक सम्बन्ध र सुविधा

समाजमा कोही व्यक्ति सैद्धान्तिक ज्ञान हासिल गरेका छन् भने कोही व्यवहारिक ज्ञान हासिल गरेका पाइयो । उनीहरुको क्षमता, योग्यता ,ज्ञान तथा हैसीयतको आधारमा विभिन्न समिति जस्तै बाटो निर्माण, खानेपानी उपभोक्ता, टोल विकास संस्था जस्ता सामाजिक संस्थामा आफूहरुलाई मिलीजुली मिलाएर समिति गठन गरी काम गरेको पाइयो । सुविधाहरु पनि सबैलाई समान तवरले बाँडेको पाइयो ।

### ६.१.१० .पेशा

अध्ययनको क्रममा उत्तरदाताहरुले आफ्नो जिविका चलाउनको लागी यस स्थानमा निम्न पेशा अपनाइ आफ्नो दैनिकी निर्वाह गरेको पाइयो जुन तालिकामा उल्लेख गरिएको छ ।

### तालिका नं.६.२

### उत्तरदाताको पेशा

| पेशा | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| नोकरी | १८ | १७.६५ |
| उद्योग | ० | ० |
| व्यापार | २३ | २२.५५ |
| श्रमिक/मजदुर | २८ | २७.४५ |
| अन्य | ३३ | ३२.३५ |
| **जम्मा** | **१०२** | **१००.००** |

स्रोत : कार्य क्षेत्र अध्ययन २०७७

शहरमा गाउँको तुलनामा रोजगारीका अवसरहरू धेरै हुन्छन् । विभिन्न साना तिना पेसाहरूमा पनि संलग्न हुन पाइने भएको हुनाले मानिसहरू उद्गम स्थल छाडेर शहरमा बसाई सर्दछन् । उद्गम स्थलबाट शहरमा बसाइँ सराइ गर्नेहरूमा सबै भन्दा धेरै अन्य पेशा गर्नेमा रहेका छन् यसमा बैदेशिक रोजगार,पेन्सन र व्यवसायलाई राखिएको छ जसमा कृषि व्यवसाय गर्ने, कुखरापालन, आदी वैदेशिक रोजगारमा १० जना रहेका छन् तिनीहरु पनि प्राय जनजाती पर्दछन् भने अन्य पेशा अन्तर्गत पेन्सन बुझ्ने व्यक्ति रहेकालाई लिइएको छ जसमा १५ जना  रहेको छन् भने व्यवसाय गर्नेमा ८ रहेको पाइएको छ ।

मजदुरी वा श्रमिक पेशा गर्ने २८ जना रहेका छन् भने व्यापार २३ जना गरेको पाइयो जसमा किराना पसल, फलफुल तरकरी बेच्ने, खानेपानी बोरिङ्ग संचालन आदी । नोकरी गर्ने १८ जना जसमा सरकारी कार्यालयमा काम गर्ने २ जना संघ संस्थामा जागिर गर्ने १६ जना रहेको पाइएको छ । उद्योग गर्नेमा कोही पनि छैन । यसरी पोखरा महानगरपालिका वडा नं १५ को शिवशक्ति टोलमा बसाइ सरेर आउने १०२ घरधुरी मध्येमा धेरै जसो अन्य पेशामा संलग्न र थोरैमा नोकरीममा संलग्न भएको र यहाँ उद्योगमा कोही संलग्न नभएको पाइयो ।

### ६.१.११ मूल्य मान्यता

बसाइसराइलाई प्रभाव पार्ने तत्वहरुमा सामाजिक मूल्य मान्यता पनि मानिन्छ जसले समाजलाई रुपान्तरण गर्नमा सहयोग पुर्‍याउछ । समाज पिच्छे मूल्य मान्यता रहेको पाइन्छ । समाजको गति मूल्य मान्यता अनुरुप अघि बढेको पाइन्छ ।

### ६.१.१२ आर्थिक

कुनै पनि मानिस वा परिवारलाई एक ठाउँबाट अर्को ठाउँमा, उद्‍गम स्थलबाट सहरमा पहाडबाट तराईमा बसाइँ सराइ गराउने विभिन्न कारणहरू मध्ये आर्थिक तत्वहरू एक महत्वपूर्ण तत्व हो । यस क्षेत्रमा शोधका क्रममा प्रश्न गर्दा उत्तरदाताहरूबाट पनि उन्नत आर्थिक अवस्थामा पुग्ने उद्देश्य राखी बसाइ सराइ गरेको पाइयो ।

### ६.१.१३ भौगोलिक

भौगोलिक तत्व पनि बसाइँ सराइको प्रमुख तत्व हो । सामान्यतया मानिसहरू दुर्गम क्षेत्रबाट सुगम क्षेत्रमा बसाइ सराइ गर्दछन् । यस क्षेत्र भौगोलिक हिसाबले समसितोष्ण हावापानी पाइने, हरियाली युक्त र भूक्षय साथै बाढी पहिरोको हिसाबले सुरक्षित मानिएको स्थान भएकोले मानिसहरू यस ठाउँमा बसाइ सराइ गरेर आएका छन् ।

### ६.१.१४ विवाह /परम्परा रितिरिवाज

बसाइँ सराइमा प्रभाव पार्ने विभिन्न सामाजिक तत्वहरू मध्ये विवाहलाई महत्वपूर्ण मानिन्छ। विवाह पश्चात महिलाहरू पतिको घरमा जान्छन् र पुरुषहरू बसाइ सराइ गरेपछि महिलाहरू सोही स्थानमा जानुपर्ने हुन्छ । त्यसै गरी कतिपय उत्तरदाताहरू अन्य उद्‍गम स्थानबाट विवाहको माध्यमबाट यस वस्तीमा आई बसोबास गरेको छन्

# अध्याय :सात

## शहरी बसाइसराइलाई पार्ने प्रभाव

### ७.१ बसाइसराइलाई पार्ने प्रभाव

मानिस उद्‌गम स्थानबाट गन्तव्य स्थानमा सर्ने कार्य बसाइसराइ हो । बसाँइसराइलेस्थानको वातावरण, सामाजिक, आर्थिक, राजनैतिक, पूर्वाधार विकास आदी समेतका पक्षमा प्रभाव पार्दछ । शहरी बसाइसराँइ पार्ने सकरात्मक र नकरात्मक प्रभाव पारेको हुन्छ ।

### ७.१.१ सकरात्मक प्रभाव

- सक्रिय जनसंख्या बढ्ने
- साधनश्रोतको अधिकतम परिचालन हुने
- प्रतिष्पर्धा र गुणस्तरको विकास हुने
- समूदायमा विविधता हुने
- नयाँ विचार एवं सचेतना वृद्धि हुने
- बौद्धिकताको प्राप्ती
- व्यवसाय र व्यापारमा वृद्धि
- रोजगारी र शिक्षा प्राप्त हुने
- भु स्वामित्वको अवसर
- मनोरञ्जन प्राप्त

यसरीगन्तव्यस्थलमापारेका सकरात्मक प्रभावलाई निम्न शिर्षकमा रहेर अध्ययन गरिएको छ ।

#### ७.१.१.१ आम्दानी वृद्धि र रोजगार

व्यैक्तिक जिवनमा प्रभाव पार्ने पक्षहरुमा आम्दानी र रोजगारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ जसले जिवनस्तरमा परिवर्तन ल्याएको हुन्छ ।

अध्ययन स्थलमा १०२ घरधुरी मध्ये बसाइसराइ गरेपछि ६१ घरधुरीले आफ्नो बार्षिक आम्दानी वृद्धि भएको बताए भने १०२ घरधुरी मध्ये ८८ घरधुरीले रोजगारीको सम्भावना बढेको बताए ।

### ७.१.१.२ वातावरणिय स्थितिमा सुधार

वातावरणीय स्थितिमा पनि निकै प्रभाव पारेको हुन्छ । अध्ययनको क्रममा वातावरणीय स्थितीलाई प्रभाव पार्ने तिन तत्वको बारेमा अध्ययन गरिएको छ :

- **शौचालयः** बसाइसराइ पुर्व उद्गमस्थलमा ८७ घरधुरीको कच्ची शौचालय भएको र बसाइसराई पछि गन्तव्यस्थानमा १०२ घरधुरीको नै पक्की शौचालय भएको पाइयो ।

- **इन्धनश्रोतः** बसाइसराइ पुर्व ७२ घरधुरीले दाउरा, २२ घरधुरीले ग्याँस र ८ घरधुरीले गोबरग्याँस मुख्य इन्धन श्रोतको रुपमा प्रयोग गरेको पाइयो । बसाइसराई पछि गन्तव्यस्थानमा १०२ घरधुरीले नै ग्याँस मुख्य इन्धन श्रोतको रुपमा प्रयोग गरेको पाइयो ।

- **फोहोरमैला व्यवस्थापनः** वातावरणिय स्थितीमा फोहरमैला व्यवस्थापनले पनि प्रभाव पारेको हुन्छ । स्वच्छ वातावरणको निम्ति फोहरमैला व्यवस्थापन कार्य अपरिहार्य रहेको छ । अध्ययनमा बसाइसराइपुर्व उद्गमस्थलमा ७ घरधुरीले यत्रतत्र फोहरमैला फाल्ने, २६ घरधुरीले खोलामा फाल्ने , १० घरधुरीले कन्टेनमा फाल्ने, ५९ घरधुरीले जमिनमा गाड्ने गरेको पाइयो । बसाइसराइ पछि गन्तव्यस्थानमा १०२ घरधुरीले नै कन्टेनमा फोहरमैला फाल्ने गरेको पाइयो ।

### ७.१.१.३ पूर्वाधारमा पहुँच :

मानिसहरु आफ्नो सुख, सुविधाको लागी बसाइसराइ गर्ने गरेको पाइन्छ अध्ययनमा उत्तरदाताको उद्गमस्थल र गन्तव्यस्थानमा पुर्वाधारको पहुँचलाई अध्ययन गर्दा बसाइसराई पुर्व उद्गमस्थलमा सडक/यातायातमा ३६ घर परिवार, विद्युतमा २४ घरपरिवार, पिउने पानीमा ९१ घर परिवार, संचारमा २० घर परिवार र सामुदायिक भवनमा ६३ घर परिवारको पहुँच रहेको पाइयो । उद्गमस्थलमा प्राप्त पूर्वाधारको पहुँचलाई अध्ययन गर्दा सबै भन्दा बढि ९१ घर परिवार खानेपानीमा पहुँच भएको र सबै भन्दा कम संचारमा २० घर परिवारले पूर्वाधारमा आफ्नो पहुँच भएको बताए । गन्तव्यस्थलमा प्राप्त पूर्वाधारको पहुँचलाई अध्ययन गर्दा सडक/यातायातमा, संचार, विद्युत पिउने पानी, संचार, सामुदायिक भवनको उपभोगमा १०२ नै घर परिवारको पहुँच रहेको पाइयो ।

### ७.१.१.४ शिक्षाको अवसर

देशको महत्वपूर्ण स्रोत भनेको त्यस देशका नागरिकहरु हुन । तर तिनीहरु सक्रिय रुपमा काम गर्न शिक्षित हुनुपर्छ त्यसैले मानव जिवनमा शिक्षा अपरिहार्य छ ।शिक्षाको विकासको लागी शिक्षा प्राप्तीको जागरण, शैक्षिक संस्था र आर्थिक अवस्था महत्वपूर्ण तत्व मानिन्छ । शैक्षिक ज्ञान प्राप्तीको लागी समूदायमा शैक्षिक संस्था भएमा नागरिकको शिक्षा प्राप्तीको अवसर हुन्छ । स्थलगत अध्ययन गर्दा ९७ घर परिवारबाट शिक्षाको अवसर  भएको बताए भने ५ घर परिवारले शिक्षाको अवसर भए पनि आफ्नो शिक्षा लिन उमेरको कारण अग्रसर नभएको बताए ।

### ७.१.१.५ आय स्रोत

न्यून वर्गबाट मानिसहरू क्रमशः मध्यम वर्गीय भएका हुन् भने खर्च गर्ने क्षमतामा बुद्धि भएको छ । व्यापार, सेवा, जागिर एवम् वैदेशिक रोजगारीले यहाँका वासिन्दाको आर्थिक अवस्थामा सुधार ल्याएको पाइन्छ ।

### ७.१.१.६ पारिवारिक सम्बन्ध

पहिले संयुक्त परिसर प्रथा रहेकोमा हाल एकल परिवारको सङ्ख्या धेरै रहेको छ भने शिक्षाको चेतनाको स्तर बढेको हुनाले नारीहरूमा स्वावलम्बनपना बढेको छ ।

### ७.१.१.७ राजनैतिक धारणा

पहिले समाज बन्द अवस्थमा थियो । हाल आएर संघिय लोकतान्त्रिक समाजको रूपमा रुपान्तरण भएसम्म मानिसहरूमा विभिन्न सिद्धान्तका मतहरू विकसित भएका छन् ।

### ७.१.१.८ जिवनस्तर

न्यून वर्गीय र कमजोर एवम् अप्ठयारो जीवन स्तर रहेकोमा सहरीकरण र आयमा भएको र आएको वृद्धि सँगै मानिसहरूले आधुनिक जीवन स्तर अपनाउन थालेका छन् र ऊर्जा सञ्चार र यातायातका क्षेत्रमा भएको क्रान्तिकरी परिवर्तनसँगै यहाँको जीवन स्तर पनि आधुनिक हुन गएको छ र पहिले काठ दाउरा प्रयोग हुन्थ्यो भने हाल इन्टरनेट, विजुली, ग्यास र मोटर गाडीहरू मानिसहरूले प्रयोग गर्दछन् ।

**वैयक्तिक अध्ययन १**

*मेरो नाम रमिता परियार हो म अहिले ३२ वर्षकी भए मेरा जन्म थलो उदयपुर जिल्ला कटारी न.पा. वडा नं ५ हो । मैले मेरो पढाइलाई स्नातक तह शिक्षा हासिल गरे पश्चात सामाजिक परम्परा अनुसार कास्की जिल्ला साविक धम्पुस गा.वि.स वडा न ७ हालको परिवर्तित माछापुच्छ्रे गा.पा.वडा नं. ७का गोल बहादुर परियार सगँ विवाह बन्धनमा बाँधिन पुगे संयुक्त परिवारमा सँगै थियौ । आफ्नो खेतीबाट जीवन चर्या चलाउन र श्रीमान्को मजदुरी पेशाबाट खर्च धान्न समस्याका कारण श्रीमान्लाई विदेश दुबई पठाइयो तर कमाई राम्रो नभएकाले स्वदेश फिर्ता भए पश्चात शहरमा सानो तिनो काम पाइने र आफ्नो सहित परिवारको लागी सुनौलो भविष्य बोकेर पोखरा १५ को यस सुकुम्वासी वस्ती शिवशक्ति टोलमा श्रीमान्को साथमा बसाइसराइ गरी बस्दै आए । बसाइसरेको केही महिना मै श्रीमानले यही टोलमा रहेको नमस्ते सप्लार्यसमा गाडि चलाउने पेशा गर्नुहुन्छ भने मेरो सरकारी जागीर खाने इच्छा भएकाले पढाइलाई अगाडि बढाउदै छु तर इच्छा पुरा भएको छैन । मेरो योग्यता र क्षमताको कदर गर्दै दिर्घकालिन नभएपनि केही समयको लागी विहान बेलुकी मैले सामाजिक क्रियाकलापमा आफुलाई सरिक गराएकी छु । वडा कार्यालयबाट मैले गर्न मिल्ने काम जस्तै मलाई घरधुरी सर्वेक्षण फाराम भर्न , दलितका कार्यक्रम संचालनको लागी तालिम दिन र लिन सहभागी गराउनु भएको छ । दुवैको मिहिनेत र परिश्रमबाट दुई छोरा छोरीलाई शिक्षा दिक्षा र परिवार पालिन तथा गाउँमा हुनु भएको बुढा सासु ससुरालाई पनि कहिले काही केही रकम पठाउन खर्च धानेको छ । हाल म दलित समाज देखी टोलका गतिविधिमा विभिन्न स्थानमा मुख्य कार्यसमितिमा रहेर काम गर्ने अवसर पाएकी छु । जसले मेरो व्यक्तित्व विकासको साथै मेरो पहिचान भएको छ । यस क्षेत्रमा कुनै पनि व्यक्ति काम विशेषले आउनु भयो भने रमितालाई सोध्नु उनी जानेबुझेकी छिन भनेर मेरो नाउँ उच्चारण गर्नु हुँदोरहेछ । यसमा मलाई गर्व लाग्दछ । सामाजिक काममा खुशी छु । यहाँ बसेको १२ वर्ष भयो । यस अघि यस क्षेत्रको वस्ती पूर्वाधार विकास भएको थिएन हाल सबैको सहयोग र प्रयासले यहाँ खानेपानी, बाटो , यातायात आदीको विकास भएको छ । समाज विकासको लागी यस क्षेत्रका बासिन्दाको लगाब महत्वपूर्ण रहेको हुँदा सबै जुजारु हुन पर्दछ । यसवस्तीको मुख्य समस्या भनेको भूमि माथिको कानुनी स्वामित्व नै हो । यसरी मेरो आर्थिक एवं सामाजिकस्तरमा सुधार भएको मलाई भान भएको छ ।*

### ७.१.२ नकारात्मक प्रभावहरु

- जनसंख्या चापमा वृद्धि
- जग्गाको मूल्य वृद्धि
- फोहोरमैला व्यवस्थापनमा कठिनाइ
- वातावरण प्रदुषण
- सामाजिक सेवा सुविधामा कमि
- आप्रवासी कामदारको आगमन
- शान्ति सुरक्षामा कमि
- सामाजिक विकृति वढन जाने
- द्धन्द्ध बढन जाने

### ७.१.२.१ जनसंख्या चापमा वृद्धि

जब जनसंख्याको चाप बढन् जान्छ बढ्दो जनसंख्याको लागी आवश्यक जमिन उपलब्ध हुन सकिरहेको छैन् । जमिन खण्डीकरण हुन पुग्छ त्यसको साथै योग्य र सक्षम व्यक्ती पलाएन हुन सक्छन् वा अन्यन्त्र सर्न सक्छन् ।

### ७.१.२.२ महङ्गी

जब बसाइसराइ उल्लेखनीय मात्र बढ्दै जान्छ त्यस स्थानमा मानिसलाई आवश्यक पर्ने आधारभूत आवश्यकता वस्तुहरुमा पनि दिन प्रति दिन मूल्य वृद्धि हुदै जानु नै महंगी हो अध्ययनको क्रममा व्यापारको क्षेत्रमा ९७ घर परिवारले र ९८ घरपरिवारले जमिनको मूल्यमा मूल्य बढेको बताए ।

### ७.१.२.३ परिवार विखण्डन

बसाइसराइले पारिवारिक संरचनामा प्रभाव पारेको पाइन्छ । बसाइसराइको कारण कतिपय व्यक्तिहरुको पारिवारीक विखण्डन भएको देखिन्छ अध्ययनकार्यमा आफ्नो जन्मस्थानमा परिवार भए र नभएको भन्ने प्रश्नमा ७४ घरधुरीका व्यक्तिले आफ्नो परिवार जन्मथलोमा भएको र २८ घरधुरीका व्यक्तिले आफू सपरिवार बसाइसराई गरि आएको भन्ने उत्तर दिएका थिए ।

### ७.१.२.४.पेशा

मानिसहरुको जिवननिर्वाहको एक माध्यम पेशा हो ।  जसका कारण मानिसहरु व्यस्त रहेका हुन्छन् । पेशाबाट आयआर्जन गरी जिवन गुजारा गरेका हुन्छन् । नेपालमा धेरै मानिसहरु कृषि पेशामा संलग्न रहेका छन् । भने अन्य पेशाहरु पनि अगालेका छन् । मानिसहरुले आफ्नो योग्यता क्षमताका आधारमा पेशामा संलग्न रहेका हुन्छन् र ठाउँ, समय र परिस्थिती अनुकुल हुने गरी पेशा गरेको पाइन्छ । पेशा पहिले कृषि प्रमुख पेशा भएकोमा हाल आएर व्यापार नोकरी ,बैदेशिक रोजगार, व्यसाय आदिले प्रमुख स्थान ओगटेका छन् र मानिसहरू कृषि क्षेत्रबाट क्रमशः गैर कृषि क्षेत्रतर्फ पलायन भइरहेका छन् ।

### ७.१.२.५. वासस्थानको ढाँचा

पहिले यस क्षेत्रमा खुल्ला क्षेत्र रहेको थियो । यस क्षेत्रमा बस्तीहरु थिएन् । यो क्षेत्र सुकम्वासी क्षेत्रले पहिचान वस्ती हो ।  आजभोलि विभिन्न स्थानबाट मानिसहरु बसाइसराइ गरि आएका हुँदा स-साना व्लकद्धारा बनाइएका २०५ घरहरू छन् । अध्ययनको क्रममा १०२ घरधुरीलाई लिइएको छ । १०२ घरधुरी नै ब्लक सिमेन्टद्धारा निर्मित कच्ची घर छन् । त्यस वस्तीको जग्गाको पुर्जा नभएको कारण घरहरु कच्ची बनाएका हुन ।  यहाँ खुल्ला ठाउँ पाउन मुस्किल छ भने मानिसहरू व्यापार,व्यवसाय , बैदेशिक रोजगारमा गएका छन् ।

### ७.१.२.६ व्यवहार

यस क्षेत्रमा बसाइसराइका कारण तीव्र शहरीकरण हुनुका साथै मानिसहरूका जीवन यापनका परम्पराहरू पनि बदलिएका हुन् । जस्तै पर्म प्रथाबाट ज्यालादारी प्रथा तथा द्रव्यको मानक जिन्सी रहेकोमा हाल आएर यसको मानक नगद हुन गएको छ भने मानिसहरूको सहयोगी चरित्रमा ह्रास हुन गई पुँजीवादी चरित्र देखा पर्न थालेको छ ।

### ७.१.२.७.अव्यवस्थित बसोबास

बाटोघाटो, पानीको व्यवस्था, विद्यालय आदीको विकास गर्न सकिदैन । बसाँइसराइ प्रवृतिले गर्दा उच्चदरमा जनचाप बढ्ने र भएका साधनको अबैज्ञानिक तवरले प्रयोग गर्ने परिपाटीले फोहोरमैलाको मात्रा बढ्दछ । पूर्वाधार विकासको व्यवस्था गर्न कठिनाइ हुन जान्छ ।

# अध्याय :आठ

# सारांश, र निष्कर्ष

## ८.१ सारांश

राम्रा सु-अवसरको चाहनाले गर्दा मानव सभ्यता देखि नै मानिसले एक ठाउँबाट अर्को ठाउँमा जाने क्रम गरेका थिए । बसाइँ सराइ गर्नुको एक मुख्य पक्ष, मानव जीवनले आफ्नो जीवनको आर्थिक तथा सामाजिक पक्षलाई उन्नति गर्नू हो । नेपालीहरू एक ठाउँबाट अर्को ठाउँमा गई बसाइँ सराइ गर्ने क्रममा तिव्रता आएको छ । साधारणतया नेपालीहरू हिमालबाट पहाडमा, पहाडबाट तराईमा, एक गाउँबाट अर्को गाउँमा, उद्गम स्थलबाट सहरमा र सानो सहरबाट ठुलो सहरमा बसाइँ सराइ गर्ने गरेको पाइन्छ ।

यस शोधपत्र आफ्नो जन्मथलो छाडी शहरीकरण हुनुको कारण, बसाइसराइलाई प्रभाव पार्ने सामाजिक तत्वहरु, बसाइसराइका कारण सामाजिक, आर्थिक , प्राकृतिक, राजनैतिक प्रभाव के कस्तो छ र यिनै कुराहरूको विश्लेषण गर्ने र यसका कारण शहरी जन जीवनस्तरमा ल्याएको परिवर्तनको अन्वेषण गर्नु हो ।

विशेष गरी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासका लागी यस शिवशक्ति टोल आकर्षणको केन्द्र हुन गएको छ । हालसम्म पोखरा महानगरपालिका वडा नं. १५ को भेडिफारम स्थित शिवशक्ति टोलमा यस सम्बन्धी अध्ययन र अनुसन्धान नभएको, उक्त क्षेत्रका व्यक्तिहरूको अवस्था बुझ्न, जविन पद्धतिमा आएको परिवर्तनबारे बुझ्न, हरेक गति विधिको सत्य तथ्य बाहिर ल्याउन यस अध्ययन औचित्य रही आएको छ भने यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक ढाँचाको समेत प्रयोग गरिएको छ । उक्त अध्ययनमा आवश्यकता अनुसार संख्यात्मक र गुणात्मक दुवै प्रकृतिको सूचना दाताहरूको प्रयोग गरिएको छ भने स्रोतहरूमा सामुहिक छलफल, अन्तर्वाता सूची, वैयक्तिक अध्ययन, विभिन्न कार्यालयका रेकर्डहरू, शोधपत्र, लेख, रचना, प्रतिवेदन आदिलाई आवश्यक मात्रामा प्रयोग गरिएको छ ।

यो अनुसन्धानमा विभिन्न जातजाति रहेको शिवशक्ति टोलका २०५ घरधुरीमध्ये १०२ घरधुरी रहेकोले सोलाई उद्देश्यमूलक नमुना छनोट पद्धति अवलम्बन गरी उत्तरदाता छनोट गरिएको छ । जसमा प्राथमिक तथ्याङ्क विधिमा अन्तर्वार्ता अनुसूची, अवलोकन, समुह

छलफल राखिएको छ भने संख्यात्मक तथा गुणात्मक प्रकृतिका सूचना ग्राफ, तालिका आदिद्वारा प्रस्तुतिकरणमा विश्लेषण गरिएको छ ।

अन्त्यमा अध्ययन क्षेत्रका मुख्य व्यक्तिहरू संग लिइएको अन्तरवार्ताको जवाफमा अधिकांशको विचार उस्तै खाले रहेको पाइयो । बसाइसराइले बासिन्दाहरुको आर्थिक उन्नति भएको, सिप र दक्षता हासिल गरेको, जीवनस्तरमा परिवर्तन भएको धारणा व्यक्त गरेको पाइयो ।

**मुख्य प्राप्ती :**

- अध्ययन क्षेत्रका उत्तरदाताहरूको सम्बन्धमा अध्ययन गर्दा यस अध्ययन क्षेत्रमा सवैभन्दा वढि जनजाती ६४ घर परिवार को वाहुल्यता रहेको पाइयो ।
- लैङ्गीक स्थितिलाई हेर्दा १०२ घरधुरीमा ५७ जना पुरुष र ४५ जना महिला संख्या रहेको पाइयो ।
- अधिकांश उत्तरदाता हिन्दु धर्ममा आस्था राख्ने ८०.३९ प्रतिशत, बौद्ध धर्ममा १७.६५ प्रतिशत र क्रिश्चियन धर्म मान्ने १.९६ प्रतिशत पाइयो ।
- पेशाको हिसावले सबै भन्दा बढि अन्य (बैदेशिक रोजगार, व्यवसाय समेत ) ३३ जना पेशामा लागेको पाइयो ।
- अध्ययनको क्रममा यस वस्तीमा १३ जिल्लाबाट बसाइसराइ गरी आएको पाइयो
- बसाइसराइ पछि ६१ घरधुरीको वार्षिक आम्दानी वृद्धि भएको पाइयो ।
- यस अध्ययनमा बसाइँ सराइ गर्नेहरूको मुख्य कारण आर्थिक कारण मध्ये ३६.२७ प्रतिशत र सबै भन्दा कम राजनितिक, प्राकृतिक र अन्य कारणले १.९६ प्रतिशतका दरले बसाइँ सराइ गरेको पाइएको छ ।
- बसाइसराइ अघि सडक/यातायातमा ३६, विद्युतमा २५, पिउने पानीमा ९१ , सञ्चारमा २० र सामुदायिक भवनमा ६३ जना मात्रको पहुँच थियो भने बसाइसराइ पछि यी माथि उल्लेखित पुर्वाधारहरुमा अहिले सबै घरपरिवारको पहुँच भएको पाइयो ।

## ८.२ निष्कर्ष:

कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १५ अन्तर्गत शिवशक्ति टोलमा अविस्थित २०५ घरधुरी मध्ये १०२ घरधुरीमा शहरी बसाइसराइलाई प्रभाव पार्ने सामाजिक तत्व शिर्षक अन्तर्गत आप्रवासी खोज र  आप्रवासलाई प्रभाव पार्ने तत्वहरुको पहिचान गर्ने उद्धेश्यमा आधारित विषयमा गरिएको अध्ययन वाट निम्न अनुसार को निष्कर्ष निकाल्न सकिन्छ आन्तरीक एवं बाह्य गरि १३ जिल्लाका आप्रवासी रहेको पाइयो । बसाइँ सराइ गर्नेहरूमा पनि जनजातिको  बाहुल्यता रहेको छ । अत्याधिक बसाइँ सराइ गर्नेहरू शहरमा प्राप्त हुने अवसर तथा आकर्षणको कारण रहेको देखिन्छ । उदगमस्थलमा आफ्नो खेती उब्जनी र पेशाबाट दैनिकी गुजारा चलाउन कठिन भएको, भौगोलिक विकटताको कारण साथै पुर्वाधारको विकासका ग्रामिण भेकमा कष्टकर जिवन विताउनु पर्ने हुँदा मानिसहरु यस स्थानमा बसाइसरेको पाइन्छ । शहरमाविकासका पुर्वाधार साथै मनोरञ्जन जस्ता सुविधाहरु पोखरा प्राकृतिक दृष्टिले मनोमोहक स्थान भएका कारण मानिसहरु यस स्थानमा बसाइसराइ गरी आउनेको संख्या उल्लेखनीय पाइन्छ ।

उद्गम स्थलबाट बसाई सर्नेहरूको बहुसंख्यक श्रमिकहरूको जीवन स्तर तुलनात्मक दृष्टिले केही राम्रो भएता पनि अधिकांशले विशेष उन्नति गर्न भने सकेका छैनन् । भौतिक हिसाबले बसाइँ सराइ गर्नेहरूलाई केही लाभ प्राप्त भएता पनि बढ्दो जनचाप, प्रदुषण तथा सहरी जीवनको समस्या र भू- स्वामित्व नभएको साथै मानसिक तथा शारीरिक तनाव र सहरी विकृतिको प्रभाव तथा अव्यवस्थित वसोबास जस्ता प्रतिकुलका कारण बच्चाहरुको साथै परिवारमा मनोसामाजिक असरहरु पर्न जाने प्रवल सम्भावनाहरू पनि उत्तिकै देखिएको पाइन्छ । अहिलेको  अवस्थामा आर्थिक सुधार भई यी नै आधारभूत आवश्यक्ताहरू परिपुर्ति भएको पाइयो । केहरु घरपरिवारका सदस्यहरूले आफ्ना वालवच्चालाई संस्थागत विदयालयमा पढाएको पाइयो । कतिपय वैदेशिक रोजगार कर्मीले आफू वैदेशिक रोजगारीवाट विदा लिएपछि व्यवसायिक रूपमा कुखुरा पालन जस्ता व्यवसाय किरानापसल व्यवसाय संचालन गरेको पाइयो । बसाइसराइको कारण परम्परादेखि चलिआएको संस्कार र संस्कृतिमा पनि केहि हदसम्म परिवर्तन भएको पाइयो ।

अर्कोतर्फ वसाइसराइको कारण गाउघरका जग्गा जमिन खेतिपाती विहिन वन्न पुगेका छन् । त्यसैगरी परनिर्भरता वढेको, खर्चमा वृद्धि भएको, विदेशी संस्कृति भित्रीएको, नेपाली संस्कृति लोप हुदै गएको, घरमा वृद्ध आमा वावु वेसहारा वन्दै गएको पाइयो भने केहिको श्रीमान र

श्रीमति विच सम्बन्ध विग्रेको, सम्पति हिनामिना भएको, सम्बन्ध विच्छेद र अन्तरजातिय विवाह जस्ता घटनाक्रमहरू वृद्धि हुदै आएको पाइयो ।

# सन्दर्भ ग्रन्थ सूची

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), *नेपालको राष्ट्रिय जनगणना,* काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

गौतम, टिकाराम (२०५८), *सामाजिक अनुसन्धान पद्धति,* पोखरा : विद्यार्थी पुस्तक भण्डार ।

जिल्ला वस्तुगत विवरण (२०७१),*तथ्यांक कार्यालय,* कास्की ।

टोल विकास संस्था वडा समन्वय समिति (२०७३ माघ),हाम्रो वडा नं. १५, पोखरा-१५ ।

घरधुरी सर्वेक्षण प्रतिवेदन (२०७७),पोखरा महानगरपालिका वडा नं १५ , कास्की

बौद्धिक मञ्च शाखा अधिकृत, विशेषाङ्क -२०७२/०७३

राष्ट्रिय योजना आयोगको सचिवालय, के.त.वि ।

अङ्ग्रेजीमा लेखिएका पुस्तक तथा लेख :

Gurung, Y. B. (2008). *Migration from rural Nepal. A social exclusion framework.* Central Department of Population Studies T.U. Kathmandu.

National Planning Commission (2014).*Population Monogram of Nepal.*Kathmandu.

National Planning Commission (1998). *Statied Pocket Book*.

Rana, K. (2011). Impact of labour Migration in livelihood A sociological study of Shree Krishna Gndaki VDC Syangja,(MA Unpublished dissertation), Department of Sociology and Anthropology, PN Campus, Pokhara.

Subedi, P.K.(1996).*Population growth and migration in kathmandu population development in Nepal*. Central Department of Population Studies (TU).

# अनुसूची १

## पोखरा वडा नं. १५ शिवशक्ति टोल वस्तीको एक अध्ययन अन्तरवार्ता अनुसूची

१. व्यक्तिगत

नाम : ................उमेर ..........जात :.......: पुरुष/महिल/अन्य : .......

शिक्षा : प्राथमिक तह/माध्यमिक तह/उच्च माध्यमिक तह/स्नातक तह /स्नाकोत्तर तह / निरक्षर/साक्षर धर्म : हिन्दु /बौद्ध /मुस्लिम /क्रिश्चियन /अन्यः वैवाहिक स्थिति : विवाहित /अविवाहित हालको बसोबास टोल : ............ घर नं. :

२. तपाईको जन्मथलो कहाँ हो?

गा.पा./न.पा ..................जिल्ला .................... प्रदेश.........

३ तपाई यहा कहिले बसाइसराई गरेर आउनु भयो ? साल........

४. बसाइका लागि यो ठाउँ किन रोज्नु भयो ?

क) पायक पर्ने ख) आफन्त भएरग) रमणिय भएर

घ) सुविधा युक्त स्थान भएरङ) अन्य

५. तपाईको उदगम स्थल् वा जन्मथलोमा परिवारका सदस्य छ कि छैनन्?

क) छ ख) छैन

६. पेशागत विवरण

| सि.नं. | पेसा | परिवार सदस्य |
|---|---|---|
| १. | नोकरी | |
| २. | उद्योग | |
| ३. | व्यापार | |
| ४. | श्रमिक | |
| ५. | अन्य | |
| | जम्मा | |

७शैक्षिक अवस्था :

| तह | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह | | | | |
| माध्यमिक तह | | | | |
| स्नातक तह | | | | |
| स्नाकोत्तर तह | | | | |
| निरक्षर | | | | |
| जम्मा | | | | |

८. के तपाई यस ठाउँमा आउनु भन्दा तपाईको कोही नातेदार साथी भाइहरू यहाँ थिए ?

क) थिए ख) थिएन

९. के तपाईको आफ्नो नाउमा पनि उद्गम स्थलमा जग्गा जमिन छ ? क) छ ख) छैन

१०.छैन भने के गर्नु भयो ?

क) आफ्नो अंशको जग्गा बिक्रि गरियो । ख) दाजुभाइलाई नै छाडेर आइयो ।

ग) अंश वण्डा गर्न जमिन प्रशस्त थिएन । घ) आमाबुबालाई नै छाडियो ।

११.बसाइसराई पुर्व तपाईको आफ्नै जमिन थियो कि तपाई अरुको जमिन कमाउनु हुन्थ्यो?

क) आफनैख) अरुको ग) दुवै

१२. बसाइसराई पुर्व तपाईको खेतीको उब्जनीबाट तपाईको परिवारको आवश्यकता पूरा हुन्थ्यो ?

हुन्थ्यो/हुन्थेन्

१३. कुन कारणले तपाईलाई उद्गम स्थल छाड्न वा जन्मथलो छाड्न पऱ्यो ?

**क) आर्थिक**

१) रोजगारी पाउने बढी अवसर हुनाले २) सरकारी सेवा अथवा निजी सेवाले गर्दा

३) खेतीको आम्दानीले परिवार पाल्न सम्भव नभएकाले ४) साहुको ऋण बढी भएकाले

**ख) सामाजिक**

१) वैवाहिक कारणबाट/सहरतिर विवाह भएकाले २) आफन्तहरूसँगै बस्न

३) भविष्यको राम्रो सम्भावना ४) साथी तथा छिमेकीको कारणबाट

**ग) प्राकृतिक कारण**

१) भुकम्प पिडित हुन परेकाले २) बाढी पहिरो पिडित हुन परेकाले ३) रोगको प्रकोप बढेकाले

घ) राजनैतिक कारण

१) असुरक्षा र उदगम् स्थलमा सुरक्षा महसुस नभएकाले

**ङ) सुविधा प्रति आकर्षित भएर**

१) आफनो शिक्षा प्रति् २) सन्तानको शिक्षाको सुविधा र राम्रो विद्यालयको कारणले

३) स्वास्थ्यको सुधिवाले गर्दा ४) सानो ठुलो नोकरी पाइने आशाले

५) विजुली बत्ती तथा अन्य मनोरञ्जनको सुविधाले गर्दा

**च) अन्य**

१) परिवारको सङख्या् को वृद्धिले गर्दा २) अरु केही उल्लेखनीय भए

१४.बसाइसराइ गरेपछि तपाईको बार्षिक आम्दानीमा वृद्धि भएको छ छैन ?

१५ बसाइसराई गर्नु पुर्व तपाईको आर्थिकस्तर कस्तो थियो ?

क) कम ख) मध्यम ग) उच्च

१६ बसाइसराइमा सामाजिक प्रभाव कस्तो छ ?

क) राम्रोख) नराम्रो

१७) वातावरणिय स्थिती बसाइसराई पूर्व

क) शौचालय : पक्की कच्ची

ख) इन्धन स्रोत : दाउरा ग्यास गोबरग्यास

ग) फोहरमैला व्यवस्थापनः यत्रतत्र फाल्नखोलामा फाल्ने
कन्टेनमाफाल्ने जमिनमा गाड्ने

१८ वातावरणिय स्थिती बसाइसराई गरेपछि

क) शौचालय : पक्की कच्ची

ख) इन्धन स्रोत : दाउरा ग्यास गोबरग्यास

ग) फोहरमैला व्यवस्थापन : यत्रतत्र फाल्न खोलामा फाल्ने
कन्टेनमाफाल्ने जमिनमा गाड्ने

१९ पूर्वाधार विकास

| पूर्वाधारहरु | बसाई सरी पुर्वको स्थान | | बसाइसराइ पछिको स्थान (हालको) | |
|---|---|---|---|---|
| | **थियो** | **थिएन** | **छ** | **छैन** |
| सडक | | | | |
| यातायातको सुविधा | | | | |
| विद्युत | | | | |
| पिउने पानी | | | | |
| संचार | | | | |
| सामुदायिक भवन | | | | |

२० बसाइसराइको कारण निम्न क्षेत्रमा प्रभाव कस्तो पाउनुभयो ?

क) रोजगारीसम्भावना बढेको घटेको

ख) व्यापार महङ्गो सस्तो

ग) जमिनको मुल्य बढेको घटेको

घ) शिक्षाको अवसर बढेको घटेको

ङ) समुदायको सम्बन्ध राम्रो नराम्रो

२१बसाइसराइ गरेपछि यस स्थानबाट तपाई सन्तुष्टि हुनुहुन्छ ?

क) छु ख) छैन

२२.तपाईले आफनै पुरानो ठाउँमा फर्केर जाने सोच राख्नु भएको छ?

क) छ ख) छैन